# फौजदारी मुद्धाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सम्वन्धी समितिको प्रतिवेदन

१. फौजदारी मुद्धाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को विधि निर्माण शुत्रमा रहेका "नेपालको अन्तरिम संविधान २०६३ को धारा ८३ वमोजिम व्यवस्थापिका-संसदको हैसियतमा संविधानसभाले" भन्ने शब्दहरुको सट्टा "नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले" भन्ने शब्दहरु राख्ने ।

२. विधेयकको दफा १ को सट्टा देहायको दफा १ राख्ने :-

"१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७३" रहेको छ र अङ्ग्रेजी भाषामा यसलाई "नेशनल क्रिमिनल प्रोसिड्यूर कोड, २०१७" भनिनेछ ।

(२) यो संहिताको दफा १९२ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि र अन्य दफाहरुसंवत् २०७५ साल भदौ १ गते देखि प्रारम्भ हुनेछन् ।"

३. विधेयकको दफा २ को,-

(१) खण्ड (क) मा रहेका "पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरुराख्ने ।

(२) खण्ड (ग) मा रहेका "अपराध संहिता, २०७१"भन्ने शब्दहरुको सट्टा "मुलुकी अपराध संहिता, २०७३" भन्ने शब्दहरु राख्ने ।

(३) खण्ड (च) पछि देहायको खण्ड (छ) र (ज) थपी खण्डक्रम मिलाउने :-

"(छ) "गम्भीर कसूर" भन्नाले तीन वर्ष भन्दा बढी दश वर्षसम्म कैद सजाय हुने कसूर सम्झनु पर्छ ।

(ज) "जघन्य कसूर" भन्नाले जन्मकैदहुने वा दश वर्ष भन्दा बढी कैद सजाय हुने कसूर सम्झनु पर्छ ।"

(४) साविकको खण्ड (छ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (झ) मा रहेको "विमान" भन्ने शब्दको सट्टा "वायुयान" भन्ने शब्द राख्ने ।

(५) साविकको खण्ड (ञ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ठ) मा रहेका "अनुसूची १, २, ३ वा ४" भन्ने शब्दहरुको सट्टा "अनुसूची-१, अनुसूची-२, अनुसूची-३ वा अनुसूची-४" भन्ने शब्दहरु राख्ने ।

(६) साविकको खण्ड (ड) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ण) को सट्टा देहायको खण्ड (ण) राख्ने :-

"(ण) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।"

४. विधेयकको दफा ३ कोउपदफा (१) मा रहेको "सोही ऐनमा व्यवस्था" भन्ने शब्दहरुपछि "भए" भन्ने शब्द थप्ने ।

५. विधेयकको दफा ४ को,-

(१) दफा शीर्षकमा रहेको "दरखास्त" भन्ने शब्दको सट्टा "जाहेरी दरखास्त" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (१) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (२) मा रहेका "दरखास्त सूचना" भन्ने शब्दहरुको सट्टा "जाहेरी दरखास्त वा सूचना" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने :-

"(३) उपदफा (१) बमोजिमको जाहेरी दरखास्त वा सूचना कुनै व्यक्तिले सम्बन्धित प्रहरी कार्यालयमा आफै उपस्थित भई दिएमा वा कुनै व्यक्ति मार्फत पठाएमा वा विद्युतीय माध्यमबाट सूचना दिएमा त्यस्तो प्रहरी कार्यालयले त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गरी निजलाई अनुसूची-६ बमोजिमको ढाँचामा भरपाई दिनु पर्नेछ ।कसैले विद्युतीय माध्यमबाट सूचना दिएकोमा सोही माध्यमबाट त्यस्तो सूचना पाएको जानकारी गराउनु पर्नेछ ।"

(५) उपदफा (५) मा रहेका"उपदफा (४)" भन्ने शब्दहरुपछि"बमोजिम"भन्ने शब्द थप्ने ।

६. विधेयकको दफा ५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) दफा ४ को उपदफा (१) बमोजिम दिएको जाहेरी दरखास्त वा सूचना सम्बन्धित प्रहरी कार्यालयले दर्ता गर्न ईन्कार गरेमा जाहेरी दरखास्त वा सूचना गर्ने व्यक्तिले त्यस्तो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकील कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालयभन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा जाहेरी दरखास्त वा सूचना सहित उजुर गर्न सक्नेछ ।"

(२) उपदफा (२) मा रहेका "सो कुराको" भन्ने शब्दहरुको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(३) उपदफा (४)मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राखी सोही उपदफामा रहेका "सम्बन्धित क्षेत्रीय प्रशासक वा" भन्ने शव्दहरु झिक्ने ।

(४) उपदफा (५) मा रहेका"वा क्षेत्रीय प्रशासक" भन्ने शव्दहरु झिक्ने ।

७. विधेयकको दफा ६ को,-

(१) उपदफा (१) मा रहेको "निजले" भन्ने शब्द झिक्ने ।

(२) उपदफा(३) मा रहेको "सोको" भन्ने शव्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(३) उपदफा (४) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांशराख्ने :-

"तर त्यस्तो कसूरको सूचना कुनै प्रहरी कर्मचारीले थाहा पाएको र सम्बन्धित अनुसन्धान अधिकारी तत्काल उपलब्ध नभएमा त्यस्तो प्रहरी कर्मचारीले उपदफा (१) मा उल्लिखित कारबाही गरी कुनै व्यक्ति पकाउ परेको भए त्यस्तो ब्यक्ति सहित कारबाहीको विवरण अनुसन्धान अधिकारी समक्ष पठाउनु पर्नेछ ।"

(४) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्ने :-

"(६) प्रहरी कर्मचारीले कुनै कसूर भएको वा भइरहेको वा हुन लागेको छ भन्ने जानकारी वा सूचना वा सुराकपाई सुराक लिन गएका वखत वा आफ्नो उपस्थितिमा कुनै कसूर भएमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई तुरुन्त पक्राउ गर्नु पर्नेछ ।"

(५) उपदफा (६) पछि देहायको उपदफा (७) थपी उपदफाक्रम मिलाउने :-

"(७) प्रहरी कर्मचारीले कसूरसँग सम्बन्धित दसीको मालसामान र अन्य कुनै प्रमाण वा वस्तु फेला पारेमा त्यस्तो प्रमाण वा वस्तु समेत घटनास्थलमा उपलब्ध कसूर भएको देख्ने व्यक्तिहरु कोही भए निजहरुको रोहवरमा आफ्नो कब्जामा लिई आवश्यकता अनुसार मुचुल्का खडा गर्नु पर्नेछ ।"

(६) साविकको उपदफा (७) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) मा रहेका "उपदफा (६)" भन्ने शव्दहरुको सट्टा "उपदफा (७)" भन्ने शब्दहरु राख्ने ।

(६) साविकको उपदफा (८) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (९) को सट्टा देहायको उपदफा ( ९) राख्ने :-

"(९) उपदफा (७) बमोजिम प्राप्त भएको दसीको मालसामान र कसूरसँग सम्बन्धित प्रमाण वा वस्तु तत्काल आफ्नो जिम्मा वा कब्जामा लिन नसकिने अवस्था रहेछ भने त्यस्तो चीज वा वस्तुलाई सुरक्षित साथ राख्नको निमित्त सम्बन्धित प्रहरी कर्मचारीले स्थानीय तह वा अन्य कुनै कार्यालयलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरिएमा सम्बन्धित तह वा कार्यालयले पनि त्यस्तो मालसामान वा प्रमाण जिम्मा लिई त्यसको भरपाइ दिनु पर्नेछ ।

तर कसूरसँग सम्बन्धित नभएको वस्तु सम्बन्धित व्यक्तिलाई तत्काल फिर्ता गर्नु पर्नेछ ।"

८. विधेयकको दफा ७ को,-

(१) उपदफा (१) मा रहेका "सो कसूर" भन्ने शब्दहरुको सट्टा "त्यस्तो कसूर" भन्ने शब्दहरु तथा "सो प्रहरी कार्यालयमा" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित प्रहरी कार्यालयमा" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेका "भौगोलिक विकटताको" भन्ने शव्दहरुको सट्टा "भौगोलिक विकटता वा अन्य कुनै" भन्ने शब्दहरु राख्ने ।

९. विधेयकको दफा ८ को,-

(१) उपदफा (१) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राखीसोही उपदफामा रहेको "तोकिएको" भन्ने शब्द पछि "अनुसन्धान" भन्ने शब्द थप्ने र सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-

"(क) अपराध संहिताको भाग-२ को परिच्छेद-१, परिच्छेद-१२, परिच्छेद-१७, परिच्छेद-१८ को दफा २१९, परिच्छेद-१९ को दफा २३०, २३१, २३२, २३३ को उपदफा (४), दफा २३५, २३८ को उपदफा (४), परिच्छेद-२० को दफा २४४, परिच्छेद-२२ को दफा २५६, २५७ र २५८ का कसूर,"

(२) उपदफा (२)को,-

(क) खण्ड (क) भन्दा पहिले देहायको खण्ड (क) थपी खण्डक्रम मिलाउने :-

"(क) कसूर भएको मिति र समय,"

(ख) साविकको खण्ड (ख) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ग) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (३) को ठाउँ ठाउँमा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(४) उपदफा (५) र (६) मा रहेको "कागजात," भन्ने शब्द झिक्ने ।

(५) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्ने :-

"(७) अनुसूची-२ मा उल्लिखित कसूरको अनुसन्धान गर्न कानूनमा कुनै अधिकारी तोकिएकोमा सोही अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीबाट अनुसन्धान हुनेछ ।"

१०. विधेयकको दफा ९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१)कसूरसँग सम्बन्धित कुनै व्यक्ति फेला परेमा वा कसूर गर्दा गर्दैको अवस्थामा रहेमा निजलाई प्रहरी वा अनुसन्धान अधिकारीले पक्राउ गर्न सक्नेछ ।"

(२) उपदफा (७) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

११. विधेयकको दफा १०को,-

(१) उपदफा (१) मा रहेको "कर्मचारी वा" भन्ने शब्दहरु पछि "अनुसन्धान"भन्ने शब्द थप्ने।

(२) उपदफा (२) मा रहेको "कर्मचारी वा"भन्ने शब्दहरु पछि "अनुसन्धान"भन्ने शब्द थपी सोही उपदफाको स्पष्टीकरणमा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (३) को ठाउँ ठाउँमा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

१२. विधेयकको दफा ११ को उपदफा (२) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

१३. विधेयकको दफा १२ को,-

(१) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने ।

(२) उपदफा (५) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

१४. विधेयकको दफा १३ को उपदफा(३) मा रहेका "त्यस्तो पत्र" भन्ने शव्दहरुको सट्टा "त्यस्तो प्रमाणपत्र वा परिचयपत्र"भन्ने शब्दहरुराखी सोही उपदफामा रहेको "सोको" भन्ने शब्दको सट्टा "टेलिफोन" भन्ने शब्द राख्ने ।

१५. विधेयकको दफा १४ को,-

(१) उपदफा (३) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(२) उपदफा (७) मा रहेका "ज्यान, अपहरण वा शरीर बन्धक, जबरजस्ती करणी, इलाज, ठगी र लिखत" भन्ने शब्दहरुको सट्टा "अपहरण वा शरीर बन्धक" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (८) मा रहेको “पैतीस दिन” भन्ने शव्दहरुको सट्टा “पन्ध्र दिन” भन्ने शब्दहरुराखी सोही उपदफाको स्पष्टीकरणमा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राख्ने ।

१६. विधेयकको दफा १५ को,-

(१) उपदफा (२) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राख्ने ।

(२) उपदफा (५) मा रहेको “सोको” भन्ने शब्दको सट्टा “त्यसको” भन्ने शब्द राख्ने ।

१७. विधेयकको दफा १६ को,-

(१) उपदफा (२) मा रहेका “कुराका सम्बन्धमा” भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका “हिडडुल गर्न” शव्दहरुको सट्टा “शारीरिक रुपमा” भन्ने शब्दहरु राखी सो उपदफामा देहायको स्पष्टीकरण थप्ने :-

“स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “शारीरिक रुपमा असमर्थ” भन्नाले हिँडडुल गर्न नसक्ने, दृष्टिविहीन, वृद्ध अवस्था जस्ता शारीरिक रुपमा असमर्थ व्यक्तिलाई सम्झनु पर्छ ।”

(३) उपदफा (५) मा रहेको “हिडडुल गर्न” शव्दहरुको सट्टा “शारीरिक रुपमा” भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (६) मा रहेको “यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि” भन्ने शव्दहरुको सट्टा “यस दफा बमोजिम बयान वा सोधपुछ गर्नु पर्ने” भन्ने शब्दहरु राख्ने ।

(५) उपदफा (७) मा रहेको“लिएकोमा” भन्ने शब्दको सट्टा “लिएको वा सोधपुछ गरेकोमा” भन्ने शब्दहरु राख्ने ।

१८. विधेयकको दफा १७ मा रहेको “जवाफ दिनु सम्बन्धित व्यक्तिको कर्तब्य हुनेछ” भन्ने शव्दहरुको सट्टा “जवाफ दिई सम्बन्धित व्यक्तिले अनुसन्धानमा सहयोग गर्नु पर्नेछ”भन्ने शब्दहरु राख्ने ।

१९. विधेयकको दफा १८ को,-

(१) उपदफा (५) मा रहेको “भएसम्म” भन्ने शव्द पछि “अन्य” भन्ने शब्द थप्ने ।

(२) उपदफा (७) र (८) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राख्ने ।

(३) उपदफा (९) मा रहेको “सोको” भन्ने शब्दको सट्टा “त्यसको” भन्ने शब्द राख्ने ।

(४) उपदफा (१२) र (१३) को ठाउँ ठाउँमा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राख्ने ।

२०. विधेयकको दफा १९ को,-

(१) उपदफा (२) मा रहेका “स्थानीय निकायका” भन्ने शव्दहरुको सट्टा “स्थानीय तहका” भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) मा रहेको “त्यस्तो व्यक्तिले रोहवरमा बस्न चाहेमा निजलाई पनि” भन्ने शब्दहरुको सट्टा “उपलब्ध भएसम्म त्यस्तो व्यक्तिलाई समेत” भन्ने शव्दहरु राख्ने ।

२१. विधेयकको दफा२० को,-

(१) उपदफा (२) को खण्ड (ग) मा रहेको “सोको” भन्ने शब्दको सट्टा “त्यसको” भन्ने शब्द राख्ने ।

(२) उपदफा (३) मा रहेका “लाश जाँच गर्दामृतकको मृत्यु कुनै कसूरको परिणाम स्वरुप वा अस्वाभाविक रुपमा वा शंकास्पद रुपमा भएको देखिन आएमा सम्बन्धित अनुसन्धान अधिकारीले सो लाशलाई” भन्ने शव्दहरुको सट्टा “लाश जाँच गरी सम्बन्धित अनुसन्धान अधिकारीले त्यस्तो लाशलाई” भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (६) को शुरुमा“उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि”भन्ने शब्दहरु थप्ने ।

(४) उपदफा (७) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राख्ने ।

२२. विधेयकको दफा २२ को,-

(१) उपदफा (१) मा रहेको “जाँची पाउँ भनि” भन्ने शब्दहरुको सट्टा “जाँची पाउँ भनी सम्बन्धित व्यक्तिले निवेदन दिएमा वा” भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेको “सक्छ भन्ने कुरा” भन्ने शब्दहरुको सट्टा“सक्ने” भन्ने शब्द राख्ने ।

(३) उपदफा (३) मा रहेको “पनि” भन्ने शब्दको सट्टा “समेत” भन्ने शब्द राख्ने ।

(४) उपदफा (४) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(५) उपदफा (६) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(६) ठाउँ ठाउँमा रहेको "घाँ" भन्ने शब्दको सट्टा "घा" भन्ने शब्द राख्ने ।

२३. विधेयकको दफा २३ को उपदफा (५) मा रहेको "तापनि" भन्ने शब्द पछि "अनुसन्धान अधिकारीले" भन्ने शब्दहरु थप्ने र "ठानेमा" भन्ने शब्दको सट्टा "ठानी सिफारिस गरेमा" भन्ने शब्दहरुराख्ने ।

२४. विधेयकको दफा २५ को उपदफा (२) को,-

(१) खण्ड (ङ) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(२) खण्ड (छ) पछि देहायको खण्ड (ज) थप्ने :-

"(ज) अनुसन्धानको सिलसिलामा प्राप्त अन्य सम्बद्ध तथ्य वा जानकारी ।"

२५. विधेयकको दफा २६ को,-

(१) दफा शीर्षकमा रहेका "वा निर्देशन" शब्दहरु झिक्ने ।

(२) उपदफा (३) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (३) पछि देहायको उपदफा (४) थप्ने :-

"(४) उपदफा (३) बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित अनुसन्धान अधिकारीको कर्तव्य हुनेछ ।"

२६. विधेयकको दफा २७ को उपदफा (२) मा रहेको"विशेष" भन्ने शब्दको सट्टा "खास" भन्ने शब्द राखी सोही उपदफामा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो उपाय, तरिका वा विधि" भन्ने शब्दहरु राख्ने ।

२७. विधेयकको दफा २९ मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

२८. विधेयकको दफा ३० को उपदफा (२) मा रहेको "सोसँग" भन्ने शब्दको सट्टा "त्यससँग" भन्ने शब्द राख्ने ।

२९. विधेयकको दफा ३१ को,-

(१) उपदफा (१) मा रहेका "सो कसूर" भन्ने शब्दहरुको सट्टा "त्यस्तो कसूर" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (४) मा रहेका "थप सवुद प्रमाण सङ्कलन गर्न" भन्ने शब्दहरु पछि "वा थप अनुसन्धान गर्न" भन्ने शब्दहरु र "सवुद प्रमाण सङ्कलन गरी" भन्ने शब्दहरु पछि"वा थप अनुसन्धान गरी" भन्ने शब्दहरुथप्ने ।

३०. विधेयकको दफा ३२ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेको "वतन" भन्ने शब्दको सट्टा "ठेगाना" भन्ने शब्द राख्ने ।

(ख) खण्ड (ग) मा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुकोसट्टा "गाउँपालिका" भन्ने शब्दराख्ने ।

(ग) खण्ड (ञ), (ट) र (ठ) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(घ) खण्ड (ड) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(ङ) खण्ड (ढ) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(२) उपदफा (३) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(४) उपदफा (८), (९) र (१०) को सट्टा देहायको उपदफा (८), (९) र (१०) राख्ने :-

"(८) यस संहिता बमोजिम अनुसन्धान गर्दा एक भन्दा बढी व्यक्ति उपर अनुसन्धान भएको तर त्यस्ता व्यक्ति मध्ये कुनै व्यक्तिको हकमा मात्र मुद्दा चलाइएको अवस्थामा वा नेपाल सरकार वादी हुने भई अनुसन्धान भएको तर अनुसन्धानबाट त्यस्तो मुद्दा यस संहिता बमोजिम नेपाल सरकार वादी भई चल्न सक्ने अवस्था नभई अन्य कानून अन्तर्गत मुद्दा चल्न सक्ने निर्णय भएमा वा व्यक्तिवादी भई चल्न सक्ने भएमा सम्बन्धित सरकारी वकीलले त्यसको जानकारी सम्बन्धित उच्च सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम जानकारी प्राप्त भएपछि उच्च सरकारी वकील कार्यालयले त्यस्तो विषय अध्ययन गरी मुद्दा चलाउनु पर्ने वा नचलाउनु पर्ने निर्णय गर्नु पर्नेछ र मुद्दा चलाउनु पर्ने मनासिब कारण देखिएमा त्यसको कारण खुलाई सम्बन्धित सरकारी वकीललाई मुद्दा चलाउने निर्देशन दिनेछ र त्यस्तो निर्देशन प्राप्त भएमा त्यस्तो सरकारी वकीलले अभियोगपत्र वा पूरक अभियोग पत्र दायर गरी मुद्दा नचलाइएका व्यक्ति उपर मुद्दा चलाउनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम उच्च सरकारी वकीलले मुद्दा नचलाउने निर्णय गरेकोमा त्यसको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु पर्नेछ।"

(५) उपदफा (१२) मा रहेको "पुनरावेदन सरकारी वकील कार्यालय" भन्ने शब्दहरुको सट्टा "उच्च सरकारी वकील कार्यालय" भन्ने शब्दहरु राख्ने।

(६) उपदफा (१३) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने।

३१. विधेयकको दफा ३३ को,-

(१) उपदफा (१) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने।

(२) उपदफा (२) र (३) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने।

३२. विधेयकको दफा ३४ को,-

(१) उपदफा (१) मा रहेका "देखिएको लागेमा" भन्ने शब्दहरुको सट्टा "देखिएमा" भन्ने शब्द राख्ने।

(२) उपदफा (३) को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्ने :-

"(क) पहिलो पटक गरेको एक हजार रुपैयाँसम्म विगो भएको बगलीमारा सम्बन्धी कसूर,"

(ख) खण्ड (ख) को शुरुमा"पहिलो पटक गरेको" भन्ने शब्दहरुथप्ने ।

(३) उपदफा (६) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने।

(४) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राख्ने।

"(८) उपदफा (७) बमोजिम मुद्दा नचलाउने निर्णय भएकोमा पीडितलाई तत्काल त्यसको सूचना दिनु पर्नेछ र त्यस प्रयोजनको लागी त्यस्तो निर्णय भएको सूचना प्राप्त भएको मितिबाट कानून बमोजिमको हदम्याद प्रारम्भ भएको मानिनेछ।"

३३. विधेयकको दफा ३५ मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द र "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने।

३४. विधेयकको दफा ३६ को,-

(१) उपदफा (१) मा रहेको "संशोधन गर्न" भन्ने शब्दहरुपछि"शुरु तहको" भन्ने शब्दहरुथप्ने।

(२) उपदफा (२) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राखी सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "आदेश" भन्ने शब्दपछि "शुरु तहको" भन्ने शब्दहरुथप्ने।

३५. विधेयकको दफा ३७ को,-

(१) उपदफा (१) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा त्रुटी सच्याउन मनासिब देखिएमा अदालतले त्यस्तो त्रुटि सच्याउन आदेश दिन सक्नेछ।"

(३) स्पष्टीकरणमा रहेको "कम्प्यूटर" भन्ने शब्दको सट्टा "छपाइ" भन्ने शब्द राख्ने।

३६. विधेयकको दफा ३९ कोउपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने

"(३) उपदफा (१) बमोजिमको दसी, प्रमाण वा वस्तु कसैको सम्पत्ति रहेछ भने त्यस्तो सम्पत्ति धनीलाई आवश्यक परेको बखत अनुसन्धान अधिकारी वा अदालतमा दाखिला गर्ने शर्त सहितको कागज गराई प्रहरी कार्यालयले त्यस्तो सम्पत्ति फिर्ता दिनु पर्नेछ।"

३७. विधेयकको दफा ४० को सट्टा देहायको दफा ४० राख्ने :-

"४०. प्रतिलिपि वा जानकारी दिनु पर्ने : (१) सरकारी वकीलले दफा ३१ को उपदफा (३) बमोजिम मुद्दा नचल्ने गरी निर्णय गरेकोमा त्यस्तो निर्णयको प्रतिलिपी र मुद्दा चल्ने निर्णय भएकोमा अभियोगपत्रको प्रतिलिपी सम्बन्धित अनुसन्धान अधिकारी र अभियुक्तलाई दिनु पर्नेछ ।

(२) अनुसूची-१ वा अनुसूची-२ अन्तर्गतका कुनै मुद्दामा मुद्दा चलाउन पर्याप्त प्रमाण नभएको भनी सम्बन्धित सरकारी वकीलले निर्णय गरेमा निजले त्यस्तो निर्णयको जानकारी सम्बन्धित अनुसन्धान अधिकारी र त्यस्तो अनुसन्धान अधिकारी भन्दा माथिल्लो तहको अधिकारी वा कार्यालयलाई दिनु पर्नेछ ।"

३८. विधेयकको दफा ४२ को,-

(१) उपदफा (१) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(२) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

३९. विधेयकको दफा ४३ को सट्टा देहायको दफा ४३ राख्ने :-

"४३. मुद्दाको दायरी : यस संहिता बमोजिम दायर गर्नु पर्ने देहायको मुद्दा देहायको अधिकारी वा व्यक्तिले सम्बन्धित अदालतमा दायर गर्न सक्नेछ :-

(क) अनुसूची-१ र अनुसूची-२ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा अभियोगपत्रका रुपमा सम्बन्धित सरकारी वकीलले,

(ख) अनुसूची-३ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा उजुरी वा प्रतिवेदनको रुपमा नेपाल सरकार, संवैधानिक निकाय, अदालत वा कुनै सार्वजनिक अधिकारीले,

(ग) अनुसूची-४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा फिरादपत्रका रुपमा त्यस्तो मुद्दा दायर गर्न सक्ने हकदैया भएको वा सरोकारवाला व्यक्तिले ।"

४०. विधेयकको दफा ४४ को,-

(१) ठाउँ ठाउँमा रहेको "पोल उजुर" भन्ने शब्दहरुकोसट्टा "पोल वा उजुर" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेको "गवाह" भन्ने शब्दकोसट्टा "साक्षी" भन्ने शब्द र "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (३) को खण्ड (ख) मा रहेको "रिसइविले" भन्ने शब्द पछि "वा कुनै प्रलोभनमा परी" भन्ने शब्दहरु थप्ने ।

४१. विधेयकको दफा ४५ मा रहेको "सामान्यतः" भन्ने शब्दझिक्ने ।

४२. विधेयकको दफा ४६ को,-

(१) खण्ड (क) को ठाउँ ठाउँमा रहेको "इलाका" भन्ने शब्दको सट्टा "क्षेत्र" भन्ने शब्द राखी सोही उपदफामा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) खण्ड (ख) मा रहेको "इलाकामा" भन्ने शब्दको सट्टा "क्षेत्रमा" भन्ने खण्डमा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने ।

(३) खण्ड (ङ) मा रहेको "सो कसूर" भन्ने शब्दहरुको सट्टा "त्यस्तो कसूर" भन्ने शब्दहरु र "सो मध्ये" भन्ने शब्दहरुको सट्टा "त्यस मध्ये" भन्ने शब्दहरु राख्ने ।

(४) खण्ड (ज) र (झ) को सट्टा देहायको खण्ड (ज) र (झ) राख्ने :-

"(ज) कुनै कसूर चिठ्ठी वा अन्य कुनै सञ्चार वा सूचना प्रविधिको माध्यमबाट भएकोमा त्यस्तो चिठ्ठी, सञ्चार वा सूचना जुन क्षेत्रबाट सम्प्रेषण भएको वा जुन क्षेत्रमा प्राप्त गरिएको छ त्यस मध्ये कुनै क्षेत्रको अदालतले,

(झ) कुनै कसूर दुई मुलुकको सिमानामा भएकोमा त्यस्तो सिमाना जोडिएको अदालतले,

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि सिमाना भन्नाले दुई मुलुकको सिमानामा रहेको दशगजा क्षेत्रलाई समेत जनाउँछ ।"

४३. विधेयकको दफा ४७मा रहेको "ईलाकाको" भन्ने शब्दको सट्टा "क्षेत्रको" भन्ने शब्द राख्ने ।

४४. विधेयकको दफा ४८ र ४९ को सट्टा देहायका दफा ४८ र ४९ राख्ने :-

"४८. दुई अदालत वा निकायमा परेका मुद्दाको कारबाही र किनारा : (१)कुनै कसूर सम्बन्धी मुद्दा एक भन्दा बढी अदालतको अधिकारक्षेत्र भित्र पर्ने भई एक भन्दा बढी अदालतमा मुद्दा दायर भएको रहेछ भने जुन अदालतमा पहिले मुद्दा दायर भएको हो सोही अदालतले र एकै दिन दायर भएकोमा एकै पुनरावेदन सुन्ने अदालतको अधिकारक्षेत्र भित्र पर्ने अदालतमा भए त्यस्तो अदालतको पुनरावेदन सुन्ने अदालतले तोकेको अदालतले र भिन्न भिन्न पुनरावेदन सुन्ने अदालतको अधिकारक्षेत्र भित्र पर्ने भए सर्वोच्च अदालतले तोकेको अदालतले त्यस्तो कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक कसूर सम्बन्धी मुद्दा अदालत र अर्ध न्यायीक निकायको अधिकारक्षेत्र भित्र पर्ने भई अदालत र अर्धन्यायीक निकायमा मुद्दा दायर भएको रहेछ भने त्यस्तो मुद्दाको कारबाही र किनारा अदालतबाट गर्नु पर्नेछ ।

(३) दफा ५४ को उपदफा (१) र उपदफा (२) को खण्ड (क) वा (ग) अन्तर्गत संयुक्त रुपमा कारबाही हुन सक्ने अवस्था भए तापनि भिन्न भिन्न प्रकारका अदालत वा न्यायीक निकायको अधिकारक्षेत्र अन्तर्गत पर्ने मुद्दा रहेछ भने कानून बमोजिम अधिकार प्राप्त तत् तत् अदालत वा निकायबाट कारबाही र किनारा गर्नु पर्नेछ ।"

४९. तल्लो र माथिल्लो अदालतको अधिकारक्षेत्र भित्र पर्ने मुद्दा माथिल्लो अदालतले हेर्नु पर्ने : प्रचलित कानून बमोजिम कुनै कसूर सम्बन्धी मुद्दा तल्लो र माथिल्लो तहको अदालत दुवैको अधिकारक्षेत्र भित्र पर्ने वा दफा ५४ अन्तर्गत संयुक्त रुपमा कारबाही हुन सक्ने व्यक्ति वा कसूर सम्बन्धी मुद्दा तल्लो तह र माथिल्लो तहको दुवै अदालतको अधिकार क्षेत्रभित्र परी दायर हुन सक्ने भएमा वा दायर भएकोमा त्यस्तो मुद्दा हेर्ने अधिकार माथिल्लो तहको अदालतलाई हुनेछ ।

४५. विधेयकको दफा ५० को,-

(१) उपदफा (१) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) उपदफा (२) मा रहेको "सात" भन्ने शब्दको सट्टा "पन्ध्र" भन्ने शब्द राख्ने ।

४६. विधेयकको दफा ५१ को उपनियम (१) को अन्त्यमा रहेको "पर्नेछ" भन्ने शब्द पछि "र आफ्नो अधिकारक्षेत्र भित्र नपर्ने देखिएमा अधिकारक्षेत्र भएको अदालतमा पठाउन आदेश दिनु पर्नेछ" भन्ने शब्दहरु थप्ने ।

४७. विधेयकको दफा ५२को,-

(१) उपदफा (१) मा रहेको "बमोजिम" भन्ने शब्द पछि "अदालतमा" भन्ने शब्दहरु र "अदालतले" भन्ने शब्द पछि "त्यस्तो" भन्ने शब्द थप्ने ।

(२) उपदफा (२) मा रहेका "दफा ७८, ७९, परिच्छेद-४ को ८७, ८८, ८९, ९०, ९१, ९५, ९६, ९८" भन्ने शब्दहरुको सट्टा "दफा ८१, ८२ परिच्छेद-४ को दफा ८९, ९०, ९१, ९२, ९३, ९७, ९८, १००" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (४) को ठाउँ ठाउँमा रहेका "नेपाल सरकार वा" भन्ने शब्दहरु पछि "सम्बन्धित" भन्ने शब्द थप्ने र सोही उपदफामा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

४८. विधेयकको दफा ५३को,-

(१) उपदफा (१) को खण्ड (घ) मा रहेका "लाटो, अन्धो" भन्ने शब्दहरुको सट्टा "बहिरा, दृष्टिविहीन" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) को,-

(क) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्ने :-

"(ग) अभियुक्त रहे बसेको गाउँपालिका वा नगरपालिका, वडा नं., गाउँ, टोल, भएसम्म ब्लक नं. र अभियुक्तको थाहा भए सम्मको अन्य विवरण,"

(ख) खण्ड (ज) र (ञ) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

४९. विधेयकको दफा ५७ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) देहायको कसूरको अभियुक्तलाई उपस्थित गराउन अदालतले उपदफा (१) बमोजिम पक्राउ पूर्जी जारी गर्नेछ :-

(क) जघन्य कसूर वा गम्भीर कसूर,

(ख) खण्ड (क) मा उल्लिखित कुनै कसूरको उद्योग, दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा सो कसूरमा मतियार भएको कसूर वा त्यस्ता कसूरको अभियुक्तलाई लुकाएको वा भगाएको कसूर ।"

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने :-

"(४) अदालतमा दाखिल गर्नु पर्ने कुनै लिखत वा दसी प्रमाण लुकाउने वा नास गर्ने सम्भावना छ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा वा उपदफा (३) बमोजिम जारी भएको समाव्हानमा तोकिएको म्याद भित्र कुनै लिखत वा दसी प्रमाण अदालतमा दाखिल नगरेमा अदालतले त्यस्तो लिखत वा दसी प्रमाण दाखिल गर्नु पर्ने कर्तव्य भएको व्यक्तिलाई पक्राउ गरी उपस्थित गराउन पक्राउ पूर्जी जारी गर्न सक्नेछ ।"

(३) उपदफा (५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने ।

५०. विधेयकको दफा ५८को,-

(१) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको"कर्मचारीबाट" भन्ने शब्दको सट्टा "कर्मचारीको नाउँमा" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (४) मा रहेको "सो" भन्ने शब्द झिक्ने ।

(३) उपदफा (५) मा रहेका "सो पूर्जी" भन्ने शब्दहरुको सट्टा "त्यस्तो पूर्जी" भन्ने शब्दहरु र "सो बमोजिम" भन्ने शब्दहरुको सट्टा "त्यस बमोजिम" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (८) मा रहेको "स्थानीय निकायका" भन्ने शब्दहरुकोसट्टा "स्थानीय तहको सम्बन्धित वडा समितिका" भन्ने शब्दहरुराख्ने ।

(५) उपदफा (९), (१०) र (११) को सट्टा देहायका उपनियम (९), (१०) र (११) राख्ने :-

"(९) उपदफा (८) बमोजिम सम्बन्धित व्यक्ति रहे बसेको घरमा सूचना टाँस गरेको पूर्जीको एक प्रति स्थानीय तहको सम्बन्धित वडा कार्यालयमासमेत बुझाई त्यसको भर्पाइ मिसिल सामेल राख्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम पूर्जी बुझाएकोमा स्थानीय तहको सम्बन्धित वडा कार्यालयले त्यस्तोपूर्जी प्राप्त भएपछि सम्बन्धित व्यक्तिलाई त्यसको जानकारी गराई आफ्नो सूचना पाटीमा समेत टाँस गर्नु पर्नेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पक्राउ पुर्जी जारी गरिएको व्यक्ति पक्राउ पर्नु भन्दा अगावै आफैं अदालतमा उपस्थित भएमा निजलाई पक्राउ गरी थुनामा राख्नु पर्ने वा नपर्ने सम्बन्धमा कानून बमोजिम सुनुवाई गर्नु पर्नेछ र निजको नाममा पहिले जारी भएको पक्राउ पुर्जी बदर गरी सम्बन्धित अधिकारीलाई त्यसको जानकारी दिनु पर्नेछ ।"

(६) उपदफा (१३) मा रहेका "यस संहिता" भन्ने शब्दहरुको सट्टा "यस परिच्छेद" भन्ने शब्दहरु राख्ने ।

(७) उपदफा (१६) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राखी सोही उपदफामा रहेको "वा" भन्ने शब्द पछि "अन्य निकाय वा" भन्ने शब्दहरु थप्ने ।

(८) उपदफा (१७) मा रहेको "संस्थाले सो सम्पत्ति तुरुन्त रोक्का राखी सोको" भन्ने शब्दहरुकोसट्टा "निकाय वा संस्थाले त्यस्तो सम्पत्ति तुरुन्त रोक्का राखी त्यसको" भन्ने शब्दहरुराख्ने ।

(९) उपदफा (१८) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(१०) उपदफा (१९) मा रहेको "वा" भन्ने शब्द पछि "अन्य निकाय वा" भन्ने शब्दहरु थप्ने ।

५१. विधेयकको दफा ५९को,-

(१) उपदफा (४) मा रहेको “सात” भन्ने शब्दको सट्टा “पन्ध्र” भन्ने शब्दराख्ने ।

(२) उपदफा (५) को स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राख्ने :-

“स्पष्टीकरण : यस संहिताको प्रयोजनका लागि “काबू बाहिरको परिस्थिति कायम रहेको अवधि” भन्नाले देहायको अवधिलाई जनाउँछ :-

(क) अदालतमा उपस्थित हुनुपर्ने व्यक्तिको कोही मृत्यु भई परम्परा अनुसार निज आफैं किरिया वा शोकवरणगरी बस्नु परेको भए त्यस्तो व्यक्तिको मृत्यु भएको पन्ध्रदिन पुगेको मितिले बाटोको म्याद बाहेक सात दिन,

(ख) अदालतमा उपस्थित हुनुपर्ने व्यक्ति महिला भई सुत्केरी भएको भए सुत्केरी भएको मितिले बाटोको म्याद बाहेक साठी दिन,

(ग) अदालतमा उपस्थित हुनु पर्ने म्याद भित्र खोलो पहिरो वा हिउँले बाटो बन्द भई वा कर्फ्यूको घोषणा भएको वा अन्य कुनै कारणले सार्वजनिक यातायातको साधन नचलेको भए बाटो खुलेको वा सार्वजनिक यातायातको साधन चलेको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(घ) अदालतमा उपस्थित हुनु पर्ने म्याद भित्र भूकम्प वा ज्वालामुखी जस्ता विपद् परेको भए त्यस्तो भएको मितिले बाटोको म्याद बाहेक दश दिन,

(ङ) अदालतमा उपस्थित हुनु पर्ने व्यक्तिलाई कसैले अपहरण गरी लगेको वा शरीर बन्धक बनाएकोभए त्यस्तो अपहरण वा बन्धकबाट मुक्त भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिन,

(च) अदालतमा उपस्थित हुनु पर्ने व्यक्ति कुनै दुर्घटनाको कारण अचेत वा हिँडडुल गर्न नसक्ने भई वा अशक्त विरामी भएको कारण हिँडडुल गर्न नसक्ने भई नेपाल सरकारबाट स्वीकृत अस्पतालमा भर्ना भई उपचार गराएकोमाअनुसूची-४ बमोजिमको मुद्दाको पक्षको हकमा पन्ध्र दिन र अन्य मुद्दाको पक्षको हकमा तीन महिनाभन्दा बढी नहुने गरी अस्पतालबाट डिस्चार्ज नभए सम्मको अवधि ।

५२. विधेयकको दफा ६१को,-

(१) उपदफा (१) मा रहेका “वागैर सरकारी संस्थाद्वारा” भन्ने शब्दहरुकोसट्टा “कार्यालयद्वारा” भन्ने शब्दराख्ने ।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने :-

“(४) उपदफा (३) बमोजिम सम्बन्धित व्यक्ति वा एकाघरका व्यक्ति फेला नपरेमा वा फेला परेमा पनि निजले वा निजको एकाघरका व्यक्तिले समेत बुझी नलिएमा स्थानीय तहको सम्बन्धित वडाको सदस्य एक जना र कम्तीमा दुईजना स्थानीय व्यक्ति समेत राखी आफ्नो तथा निजहरुको समेत सहिछाप गराई एक प्रति निजको घर दैलामा टाँसी एक प्रति म्याद सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा समितिमा बुझाई एक प्रति तामेली समाव्हान अदालतमा दाखिला गर्नु पर्नेछ ।”

(३) उपदफा (५) मा रहेको “स्थानीय निकायले” भन्ने शब्दहरुको सट्टा “स्थानीय तहको सम्बन्धित वडा कार्यालयले” भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्ने :-

“(६) उपदफा (५) बमोजिम समाव्हान जारी गरिएको व्यक्तिको समाव्हानमा उल्लिखित ठेगानामा बसोबास नभएको भन्ने कुरा स्थानीय तहको सम्बन्धित वडा समितिको कम्तीमा एक जना सदस्य र कम्तीमा दुईजना स्थानीय व्यक्तिहरुले प्रमाणित गरेमा निजको वसोबास भएको ठेगाना खुल्न सक्ने भए खुलाई र खुल्न नसक्ने भए सोही व्यहोरा जनाई समाव्हान अदालतमा फिर्ता बुझाई दिनु पर्नेछ ।”

(५) उपदफा (१०) पछि देहायको उपदफा (११) थपी उपदफाक्रम मिलाउने :-

"(११) उपदफा(८) बमोजिम समाव्हान तामेल गर्दात्यस्तो पदाधिकारी वा कर्मचारी विदामा रहेकोमा सम्बन्धित कार्यालय वा संस्थाले यथाशीघ्र त्यस्तो कर्मचारीलाई त्यसरी समाव्हान तामेल भएको व्यहोराको सूचना दिनु पर्नेछ।"

(६) साविकको उपदफा (११), (१२) र (१४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१२), (१३) र (१५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने।

५३. विधेयकको दफा ६२ को,-

(१) उपदफा (१) मा रहेका "सो समाव्हानको व्यहोरा" भन्ने शब्दहरुको सट्टा "त्यस्तो समाव्हानको व्यहोरा नेपाल सरकारको स्वामित्वमा रहेको" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने।

५४. विधेयकको दफा ६३ को,-

(१) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने।

(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने :-

"(४) उपदफा (३) बमोजिम सम्बन्धित व्यक्ति वा एकाघरका व्यक्ति फेला नपरेमा वा फेला परेमा पनि निजले वा निजको एकाघरको व्यक्तिले समेत बुझी नलिएमा स्थानीय तहको सम्बन्धित वडाको सदस्य एक जना र कम्तीमा दुईजना स्थानीय व्यक्ति समेत राखी आफ्नो तथा निजहरुको समेत सहिछाप गराई एक प्रति निजको घर दैलामा टाँसी एक प्रतिस्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बुझाई एक प्रति तामेली पक्राउ पूर्जी अदालतमा दाखिला गर्नु पर्नेछ।"

(३) उपदफा (५) मा रहेको "स्थानीय निकायले" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको सम्बन्धित वडा समितिले" भन्ने शब्दहरु राख्ने।

(४) उपदफा (६) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राखी सोही उपदफामा रहेका "स्थानीय निकायको" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको सम्बन्धित वडासमितिको" भन्ने शब्दहरु राख्ने।

(५) उपदफा (७) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने।

(६) उपदफा (९) मा रहेको "आफनो क्षेत्र" भन्ने शब्दको सट्टा "आफ्नो अधिकारक्षेत्र" भन्ने शब्दहरु र सोही उपदफाको ठाउँ ठाउँमा रहेको"सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने।

(७) उपदफा (१०) मा रहेका "राष्ट्रिय स्तरको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय स्तरको" भन्ने शब्दहरु राख्ने।

५५. विधेयकको दफा ६४ को उपदफा (३) मा रहेका"राष्ट्रिय दैनीक" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय स्तरको दैनीक" भन्ने शब्दहरु राख्ने।

५६. विधेयकको दफा ६५ को,-

(१)उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेका "नेपाल सरकार, संवैधानिक निकाय वा कुनै सरकारी कार्यालय, नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा कुनै सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको" भन्ने शब्दहरु राख्ने र सोही खण्डमा रहेको "स्थानीय निकाय," भन्ने शब्दहरु झिक्ने।

(ख) खण्ड (झ) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने।

(२) उपदफा (२) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने।

५७. विधेयकको दफा ६६ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेको "निज" भन्ने शब्द पछि "अदालतमा" भन्ने शब्द थप्ने।

(२) उपदफा (३) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने।

५८. विधेयकको दफा ६७ को उपदफा (२) को खण्ड (ग) मा रहेको "बमोजिम" भन्ने शब्द पछि "म्याद भित्र हाजिर नभई" भन्ने शब्दहरु थप्ने ।

५९. विधेयकको दफा ६८ को उपदफा (१) मा रहेका "बमोजिम अन्यथा हुनेमा" भन्ने शब्दहरुको सट्टा "को अवस्थामा" भन्ने शब्दहरु राख्ने ।

६०. विधेयकको दफा ७१ को उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

६१. विधेयकको दफा ७२ को,-

(१) उपदफा (१) को खण्ड (झ) मा रहेको "अशक्त" भन्ने शब्द पछि "व्यक्ति" भन्ने शब्द थप्ने र सोही खण्डमा रहेको "वा अन्य" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

६२. विधेयकको दफा ७४ को उपदफा (२), (४) र (५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

६३. विधेयकको दफा ७५ को उपदफा (१) मा रहेका "अदालत समक्ष" भन्ने शब्दहरु पछि "तोकिएको तारेखमा" भन्ने शब्दहरुथप्ने ।

६४. विधेयकको दफा ७७ को उपदफा (२) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

६५. विधेयकको दफा ८१ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

६६. विधेयकको दफा ८२ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) उपदफा (१) बमोजिम खडा गरिएको तारिख किताबमा कुन प्रयोजनको लागि कहिलेको तारिख तोकिएको हो त्यस्तो व्यहोरा जनाई सम्बन्धित कर्मचारीले सहिछाप गर्नु पर्नेछ र मुद्दामा उपस्थित पक्षहरुको सहीछाप गराई अनुसूची-३४ बमोजिमको तारिख भरपाई खडा गरी मिसिल सामेल राख्नु पर्नेछ ।"

(२) उपदफा (३) मा रहेको "सो कुरा सो किताबमा" भन्ने शब्दहरुको सट्टा "त्यस्तो कुरा तारिख किताबमा" भन्ने शब्दहरु राख्ने ।

६७. विधेयकको दफा ८३ को,-

(१) उपदफा (१) मा रहेका "अनुसूची-३४" भन्ने शब्दहरुको सट्टा "अनुसूची-३५" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

६८. विधेयकको दफा ८५ को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश र उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) उपदफा (४) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

६९. विधेयकको दफा ८६ को,-

(१) दफा शीर्षकमा रहेका "उजुरवाला वा वादी" भन्ने शब्दहरुको सट्टा "मुद्दाका पक्ष" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (१) मा रहेको "निजले" भन्ने शब्द पछि "दफा ८५ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम" भन्ने शब्दहरु थप्ने ।

(३) उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राख्ने :-

"(२) उपदफा (१) बमोजिम तोकिएको अर्को तारिखको दिन वा सो भन्दा अगावै मुद्दाको पक्ष उपस्थित भई काबु बाहिरको कुनै परिस्थिति परेकोले अघिल्लो तारिखमा उपस्थित हुन नसकेको कुनै मनासिब कारण देखाई दफा ५९ को उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशको अधीनमा रही निवेदन दिएमा अदालतले निजको तारिख थामी कानून बमोजिम मुद्दाको किनारा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तोकिएको अर्को तारिखको दिन मुद्दाको पक्ष अदालतमा उपस्थित नभएमा समेत अदालतले मिसिल सामेल रहेका प्रमाणबाट प्रतिवादीले वादीको दाबी पुरै वा आंशिक रुपमा स्वीकार गरेको देखिन आएमा वा ठहरेमा त्यस्तो हदसम्म इन्साफ गर्ने गरी र स्वीकार नगरेको वा स्वीकार गरेको नठहरेकोमा त्यस्तो हदसम्म खारेज गर्ने गरी मुद्दाको किनारा गर्नु पर्नेछ ।

तर वादी हाजिर रहेको र प्रतिवादी हाजिर नरहेको अवस्थामा वादी प्रतिवादीको जो बुझ्नु पर्ने प्रमाण बुझी ठहरे बमोजिम मुद्दाको फैसला गर्नु पर्नेछ ।"

७०. विधेयकको दफा ८७ को उपदफा (२) मा रहेका "सम्बद्ध निकायले" भन्ने शब्दहरुको सट्टा "निकाय वा संस्थाले" भन्ने शब्दहरु राख्ने ।

७१. विधेयकको दफा ८८ को,-

(१) उपदफा (१) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(२) उपदफा (३) झिक्ने ।

७२. विधेयकको दफा ८९ को,-

(१) उपदफा (१) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(२) उपदफा (२) को,-

(क) खण्ड (ङ) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने ।

(ख) खण्ड (च) मा रहेको "त्यस्तो पक्षले कुनै"भन्ने शब्दहरु झिक्ने ।

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने :-

"(४) देहायको योग्यता पुगेको व्यक्ति वारिस हुन सक्नेछ :-

(क) प्रचलित कानून बमोजिम करार गर्न योग्य,

(ख) किर्ते, जालसाजी, भ्रष्टाचार वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

तर मुद्दाको कुनै पक्षले आफ्नो एकाघरसँगको कुनै नातेदारलाई वारिस नियुक्त गर्न यस खण्डमा उल्लेख भएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(ग) फैसला बमोजिम सरकारी बिगो, फैसला कार्यान्वयन गरे वापत अदालतलाई तिर्नु पर्ने कुनै दस्तूर, अदालती शुल्क वा कुनै दण्ड वा जरिबाना तिर्न बाँकी नरहेको ।"

(४) उपदफा (५) मा रहेका "अनुसूची-३५" भन्ने शब्दहरुको सट्टा "अनुसूची-३६" भन्ने शब्दहरु राखी सोही अनुसूचीको खण्ड (ख) मा रहेको "उमेर" भन्ने शब्द पछि "नागरिकता नम्बरर नागरिकता लिएको जिल्ला"भन्ने शब्दहरु थप्ने ।

७३. विधेयकको दफा ९० को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "सोही मुद्दामा" भन्ने शब्दहरुको सट्टा "सोही मुद्दा वा सोही मुद्दासँग सम्बन्धित मुद्दामा" भन्ने शब्दहरु राख्ने ।

७४. विधेयकको दफा ९३ को उपदफा (२) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

७५. विधेयकको दफा ९४ को सट्टा देहायको दफा ९४ राख्ने :-

"९४. वारिसलाई पक्राउ नगरिने : मुद्दाको फैसला हुँदा पक्षलाई भएको सजाय वा पक्षले व्यहोर्नु पर्ने दायित्वको सम्बन्धमा वारिसलाई पक्राउ गरिने छैन ।"

७६. विधेयकको दफा ९५ को उपदफा (१) को खण्ड (क) मा रहेको "सो" भन्ने शब्दको सट्टा "तीन वर्ष" भन्ने शब्दहरु राख्ने ।

७७. विधेयकको दफा ९६ को सट्टा देहायको दफा ९६ राख्ने :-

"९६. मुद्दा सार्न सक्ने : (१) सर्वोच्च अदालतले नेपालको संविधानको धारा १३४ को उपधारा (१) बमोजिमको अवस्थामा कुनै उच्च अदालतमा विचाराधीन मुद्दा सर्वोच्च अदालतमा झिकाई कारबाही, सुनुवाई र किनारा गर्न सक्नेछ ।

(२) सर्वोच्च अदालतले नेपालको संविधानको धारा १३४ को उपधारा (२) बमोजिमको

अवस्थामा एक उच्च अदालतमा विचाराधीन मुद्दा अर्को उच्च अदालतमा सारी त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्न आदेश दिन सक्नेछ ।

(३) उच्च अदालतले नेपालको संविधानको धारा १४५ को उपधारा (२) बमोजिमको अवस्थामा आफ्नो मातहतको एक जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दा मातहतको अर्को जिल्ला अदालतमा सारी सुनुवाई गर्ने आदेश दिन सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिमको मुद्दा सार्ने अवस्था विद्यमान भए वा नभएको विषयको निर्णय मुद्दाका सम्बन्धित पक्षको निवेदन वा अदालतको निरीक्षण वा प्रतिवेदनबाटप्राप्त भएको जानकारीबाट गरिनेछ ।

(५) कुनै अदालतमा दायर रहेको कुनै मुद्दा यस संहिता बमोजिम त्यस्तो अदालतको न्यायाधीशले हेर्न नहुने कुनै कारण भएमा सम्बन्धित अदालतले त्यस्तो कुरा उल्लेख गरी पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन पठाउनु पर्नेछ र त्यस बमोजिम प्रतिवेदन प्राप्त भएमा पुनरावेदन सुन्ने अदालतले पक्षहरुको सुविधालाई समेत विचार गरी त्यस्तो मुद्दा आफ्नो प्रादेशिक अधिकार क्षेत्रको समान तहको अर्को अदालतमा सार्न सक्नेछ ।

(६)उपदफा (२) बमोजिम आदेश भएकोमा त्यस्तो अदालतले सर्वोच्च अदालतको आदेश बमोजिम त्यस्तो मुद्दाको कारबाही, सुनुवाई वा किनारा गर्नेछ ।

(७) उपदफा (२), (३) वा (५) बमोजिम अर्को अदालतबाट मुद्दाको किनारा भए पनि त्यस्तो अदालतले गरेको फैसला उपर शुरुमा फिरादपत्र दर्ता भएको अदालतको पुनरावेदन सुन्ने अदालतमा नै पुनरावेदन लाग्नेछ ।"

७८. विधेयकको दफा ९७ को,-

(१) उपदफा (१), (२) र (३) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) उपदफा (६) मा रहेको "पुनरावेदन" भन्ने शब्द पछि "सुन्ने"भन्ने शब्द थप्ने ।

(३) उपदफा (८) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

७९. विधेयकको दफा ९८ को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेको "सो" भन्ने शब्दको सट्टा "तीन वर्ष" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (६) को,-

(क) खण्ड (क) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(ख) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्ने :-

"(ख) अदालतमा उपस्थित हुन निजका नाममा वा मुद्दाको कारबाही सम्बन्धी कुनै विषयमा निजको हकमा सार्वजनिक सूचना प्रकाशन गर्दा लागेको खर्च ।"

८०. विधेयकको दफा १०० कोउपदफा (२) र (३) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

८१. विधेयकको दफा १०१ को उपदफा (७) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

८२. विधेयकको दफा १०२ को स्पष्टीकरण झिक्ने ।

८३. विधेयकको दफा १०४ मा रहेको,-

(१) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो भन्ने शब्द राख्ने ।

(२) उपदफा (३) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राखी सोही उपदफाको ठाउँ ठाउँमा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो भन्ने शब्द राख्ने ।

(३) उपदफा (४) मा रहेका "सो लिखतको" भन्ने शब्दहरुको सट्टा "त्यस्तो लिखतको" भन्ने शब्दहरु र "सो बमोजिम" भन्ने शब्दहरुको सट्टा "त्यस्तो कुरा" भन्ने शब्दहरु राख्ने ।

८४. विधेयकको दफा १०५ मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राखी सोही दफामा रहेका “राख्नु पर्नेछ” भन्ने शब्दहरु पछि “र सहिछाप गर्ने ठाउँ नभएमा छुट्टै कागज जोडी जोर्नीमा समेत सहिछाप गरी मुचुल्का गरी राख्नु पर्नेछ” भन्ने शब्दहरु थप्ने ।

८५. विधेयकको दफा १०६ को,-

(१) उपदफा (१) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस” भन्ने शब्द राख्ने ।

(२) उपदफा (२) मा रहेका “अनुसूची-३६” भन्ने शब्दहरुको सट्टा “अनुसूची-३७” भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (३) मा रहेका “अनुसूची-३७” भन्ने शब्दहरुको सट्टा “अनुसूची-३८” भन्ने शब्दहरु राख्ने ।

८६. विधेयकको दफा १०७ को,-

(१) उपदफा (३) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राख्ने ।

(२) उपदफा (४) मा रहेका “अनुसूची-३८” भन्ने शब्दहरुको सट्टा “अनुसूची-३९” भन्ने शब्दहरु राख्ने ।

८७. विधेयकको दफा १०८ को उपदफा (२) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राख्ने ।

८८. विधेयकको दफा १०९ को उपदफा (६) मा रहेका “अनुसूची-३९” भन्ने शब्दहरुको सट्टा “अनुसूची-४०” भन्ने शब्दहरु राख्ने ।

८९. विधेयकको दफा ११२ को उपदफा (५) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द र “तीन महिना” भन्ने शब्दको सट्टा “पैंतालीस दिन” भन्ने शब्दहरुराख्ने ।

९०. विधेयकको दफा ११३ को उपदफा (१) मा रहेको “कर्मचारीले” भन्ने शब्दपछि “र विशेषज्ञको रुपमा उपस्थित भएको साक्षी भए राजपत्राङ्कित तृतीय श्रेणीको सरकारी कर्मचारीले”भन्ने शब्दहरु थप्ने ।

९१. विधेयकको दफा ११४ को,-

(१) दफा शीर्षकको सट्टा “साक्षी वा पीडितको संरक्षण गर्ने” भन्ने दफा शीर्षक राख्ने ।

(२) उपदफा (१) मा रहेको “सोको” भन्ने शब्दको सट्टा “त्यसको” भन्ने शब्द राख्ने ।

(३) उपदफा (४) पछि देहायको उपदफा (५) थप्ने :-

“(५) कुनै खास कसूरबाट पीडित व्यक्ति वा कुनै मुद्दाको साक्षीको रुपमा रहेका व्यक्तिले साक्षीका रुपमा रहेको कारणले आफूलाई पक्षबाट अनुचित डर त्रास वा भय हुन सक्ने वा आफ्नो जिउ ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने सूचना प्राप्त भएमा प्रहरीले त्यस्ता साक्षीको संरक्षण गरि दिनु पर्नेछ ।”

९२. विधेयकको दफा ११५ को,-

(१) उपदफा (२) मा रहेका “अनुसूची-४०” भन्ने शब्दहरुको सट्टा “अनुसूची-४१” भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (४) मा रहेको प्रमाणिक भन्ने शब्दको सट्टा “आधिकारीक” भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपी उपदफाक्रम मिलाउने :-

“(५) कुनै कसूरको अनुसन्धान वा पुर्पक्षको सिलसिलामा नेपाल राज्य बाहिर रहेको साक्षीलाई बुझ्नु परेमा वा निजको बकपत्र गराउन परेमा त्यस्तो साक्षीलाई सो प्रयोजनका लागि तोकिए बमोजिम श्रव्य दृष्य संवाद (भिडियो कन्फरेन्स) वा अन्य यस्तै प्रविधि मार्फत बुझन वा निजको बकपत्र गराउन सकिनेछ ।

(६) उपदफा (५) बमोजिम बुझ्दा वा बकपत्र गराउँदा त्यस्तो साक्षीले भनेको कुरा वा गरेको बकपत्रको अभिलेख हुने व्यवस्था गर्नु पर्नेछ ।”

९३. विधेयकको दफा ११६ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राख्ने :-

“(क) झुट्टा राहदानी वा नागरिकता, अध्यागमन, भष्ट्राचार, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध ओसार पसार वा कारोबार, वन्यजन्तुको अवैध शिकार

तथा व्यापार, सार्वजनिक उपभोगका वस्तुमा विष मिसाएको, विष प्रयोग गरी वा क्रुर, अमानवीय तवरले वा नियन्त्रणमा लिई ज्यान मारेको, सम्पत्ति शुद्धीकरण, प्राचीन स्मारक संरक्षण सम्बन्धी मुद्दा,

(ख) अपराध संहिताको भाग-२ को परिच्छेद-२ को दफा ५६, परिच्छेद-६ को दफा १२९, १३० १३१ र १३४, परिच्छेद-७ को दफा १३८, १३९ र १४१, परिच्छेद-८, परिच्छेद-१० को दफा १६७, परिच्छेद-१६ को दफा २०६,परिच्छेद-१७, परिच्छेद-१८ को दफा २१९ को उपदफा (१), (२) र (३), परिच्छेद-१९ को दफा २३० र २३१ तथा परिच्छेद-२२ को दफा २५६ अन्तर्गतको कसूर सम्बन्धी मुद्दा,"

(ख) खण्ड (ग) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने ।

(२) उपदफा (३) र (४) को सट्टा देहायका उपदफा (३) र (४) राख्ने :-

"(३) नेपाल सरकारले उपदफा (२) बमोजिम फिर्ता लिने मुद्दाका सम्बन्धमा आवश्यक मापदण्ड सहितको निर्देशिका बनाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मुद्दा फिर्ता गर्नु पर्ने भएमा नेपाल सरकारले महान्यायाधिवक्तासँग परामर्श गरी उपदफा (३) बमोजिम बनाएको निर्देशिका बमोजिम फिर्ता लिने निर्णय गर्न सक्नेछ ।"

(३) उपदफा (५) मा रहेको "उपदफा (३)" भन्ने शब्दहरुको सट्टा "उपदफा (४)" भन्ने शब्दहरु राख्ने ।

९४. विधेयकको दफा ११७ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "सो व्यहोरा नेपाल सरकारलाई" भन्ने शब्दहरुको सट्टा "त्यस्तो व्यहोरा" भन्ने शब्दहरु राख्ने ।

९५. विधेयकको दफा ११८ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) उपदफा (१) बमोजिम मिलापत्र गर्ने व्यहोराको निवेदन अदालतमा पर्न आएमा अदालतले त्यस्तो निवेदन पढेर सुनाई त्यस बमोजिम राजिखुशीले मिलापत्र गर्न चाहेको हो वा होइन भनी त्यस्तो निवेदन पेश गर्ने पक्षहरुलाई सोध्नु पर्नेछ ।"

(२) उपदफा (४) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

९६. विधेयकको दफा ११९ को उपदफा (१) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

९७. विधेयकको दफा १२१ को उपदफा (२) मा रहेका "सो अभियोगमा" भन्ने शब्दहरुको सट्टा "त्यस्तो अभियोगमा" भन्ने शब्दहरु र "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

९८. विधेयकको दफा १२२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) अभियुक्तलाई दफा १२१ बमोजिम अभियोग तथा त्यस्तो अभियोगमा हुन सक्ने सजाय सुनाई सकेपछि अदालतले त्यस्तो अभियोग उपर निजको के भनाई छ सोधी निजको बयान अभिलेख गर्नु पर्नेछ ।"

(२) उपदफा (२) मा रहेका "सो कुराको" भन्ने शब्दहरुको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(३) उपदफा (३) मा रहेको "सम्झाउनु" भन्ने शब्दको सट्टा "जानकारी गराउनु"भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने :-

"(४) उपदफा (३) बमोजिमको व्यहोरा जानकारी गराउँदा सरकारी वकीलबाट निज विरुद्धको सजायमा छुट हुन प्रस्ताव गरिएको रहेछ भने त्यस्तो कुरा र त्यस सम्बन्धी प्रचलित कानूनको व्यवस्था समेत जानकारी गराउनु पर्नेछ ।"

(५) उपदफा (५) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(६) उपदफा (६) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(७) उपदफा (८) मा रहेका "अनुसूची-४१" भन्ने शब्दहरुको सट्टा "अनुसूची-४२" भन्ने शब्दहरु राख्ने ।

९९. विधेयकको दफा १२३ को,-

(१) उपदफा (१) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द र सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस” भन्ने शब्द राख्ने ।

(२) उपदफा (३) को ठाउँ ठाउँमा रहेको “सबुद” भन्ने शब्द पछि “प्रमाण” भन्ने शब्द थप्ने ।

(३) उपदफा (४) मा रहेको “थप” भन्ने शब्द पछि “सबुद” भन्ने शब्द थप्ने ।

१००. विधेयकको दफा १२४ को,-

(१) दफा शीर्षकमा रहेका “पूर्पक्ष अघि वादी प्रतिवादीको बैठक” भन्ने शब्दहरुको सट्टा “वादी प्रतिवादीबिच छलफल” भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (१) मा रहेको “प्रतिवादीको बैठक” भन्ने शब्दहरुको सट्टा “प्रतिवादीबिच छलफल” भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (२) को ठाउँ ठाउँमा रहेको “बैठक” भन्ने शब्दको सट्टा “छलफल” भन्ने शब्द राख्ने ।

(४) उपदफा (३) मा रहेको “बैठकमा” भन्ने शब्दको सट्टा “छलफलमा” भन्ने शब्द राख्ने ।

१०१. विधेयकको दफा १२५ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्ने :-

“(ग) अभियुक्त वा प्रतिवादीले आफू उपरको अभियोग वा दाबी पुरै वा आंशिक रुपमा इन्कार गरी बयान गरेमा वा प्रतिउत्तर दिएमा,”

१०२. विधेयकको दफा १२६ को,-

(१) उपदफा (१) मा रहेको “सोको” भन्ने शब्दको सट्टा “त्यसको” भन्ने शब्द राख्ने ।

(२) उपदफा (३) मा रहेका “अदालत समक्ष उपस्थित गराउने” भन्ने शब्दहरुको सट्टा “बुझ्ने” भन्ने शब्द राख्ने ।

(३) उपदफा (४) रहेका “अदालतमा उपस्थित गराएकोमा निजले भनेको कुरा अभिलेख हुने व्यवस्था गर्नु” भन्ने शब्दहरुको सट्टा “बुझिएकोमा निजले भनेको कुरा अभिलेख राख्नु”भन्ने शब्दहरु राख्ने ।

१०३. विधेयकको दफा १२८ को,-

(१) उपदफा (२) मा रहेको “सोको” भन्ने शब्दको सट्टा “त्यसको” भन्ने शब्द राख्ने ।

(२) उपदफा (३) मा रहेको “सो” भन्ने शब्दको सट्टा “त्यस्तो” भन्ने शब्द राख्ने ।

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने :-

“(४) उपदफा (३) बमोजिम अभियुक्तलाई छोड्दा अदालतले निजको संरक्षकबाट त्यस्तो अभियुक्तले कसैलाई कुनै प्रकारको हानि, नोक्सानी पुऱ्याउन नपाउने गरी निजको हेरचाह गर्ने र निज स्वस्थ भए पछि अदालतले आदेश दिएका वखत निजलाई अदालतमा उपस्थित गराउने शर्त गराउनु पर्नेछ ।”

(४) उपदफा (४) पछि देहायको उपदफा (५) थपी उपदफाक्रम मिलाउने :-

“(५) उपदफा (४) बमोजिम थुनाबाट छोड्दा अदालतले चाहेमा संरक्षकसँग परिच्छेद-७ बमोजिम धरौट वा जमानत लिन सक्नेछ ।”

१०४. विधेयकको दफा १२९ को प्रतिबन्धात्मक वाक्यांशमा रहेका “मानव बेचबिखन” भन्ने शब्द पछि “तथा ओसार पसार” भन्ने शब्दहरु थपी सोही प्रतिबन्धात्मक वाक्यांशमा रहेको“पुर्पक्ष” भन्ने शब्द पछि रहेको “वा” भन्ने शब्द झिक्ने ।

१०५. विधेयकको दफा १३० को,-

(१) उपदफा (२) मा रहेको “सो” भन्ने शब्दको सट्टा “दश वर्ष” भन्ने शब्दहरु र “कानून व्यवसायी नियुक्त गरी” भन्ने शब्दहरुको सट्टा “नियुक्त कानून व्यवसायीबाट” भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) झिकी उपदफाक्रम मिलाउने ।

१०६. विधेयकको दफा १३१ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) उपदफा (१) बमोजिमको अवधिभित्र फैसला गर्न नसकिएमा त्यसको कारण खुलाई पुनरावेदन सुन्ने अदालतमा त्यसको जानकारी गराउनु पर्नेछ।"

(२) उपदफा (३) मा रहेका "अनुसूची-४२" भन्ने शब्दहरुको सट्टा "अनुसूची-४३" भन्ने शब्दहरु राखी सोही उपदफाको,-

(क) खण्ड (ख) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने।

(ख) खण्ड (घ) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने।

(ग) खण्ड (ङ) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने।

(३) उपदफा (४) मा रहेको "नसुनाई" भन्ने शब्दको सट्टा "तयार भएकोमात्यस्तो पूर्ण लेख र तयार नभएकोमा" भन्ने शब्दहरु राख्ने।

(४) उपदफा (५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने।

(५) उपदफा (६) पछि देहायको स्पष्टीकरण थप्ने :-

"स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "निर्णय सुनाएको" भन्नाले सजाय निर्धारण गरी सुनाएको निर्णयसम्झनु पर्छ।"

(६) उपदफा (७) को ठाउँ ठाउँमा रहेका"पुनरावेदन अदालत" भन्ने शब्दहरुको सट्टा "उच्च अदालत" भन्ने शब्दहरु राख्ने।

(७) उपदफा (९) पछि देहायको उपदफा (१०) थप्ने :-

"(१०) अदालतले प्रत्येक हप्ता तयार भई प्रमाणीकरण भएका फैसलाको विवरण अदालतको सूचना पाटीमा टाँस गरी आफ्नो वेबसाईटमा समेत राख्नु पर्नेछ।"

१०७. विधेयकको दफा १३२ को,-

(१) उपदफा (१) मा रहेको "संलग्न नरहेको अभियुक्त" भन्ने शब्दहरु पछि "वा प्रतिवादी" भन्ने शब्दहरु थपी र सोही उपदफामा रहेका "अनुसूची-४३" भन्ने शब्दहरुको सट्टा "अनुसूची-४४" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (२) मा रहेको "गरिनेछ" भन्ने शब्द पछि "र त्यस्तो सूचना तामेल हुन नसकेमा नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय स्तरको कुनै दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरिनेछ" भन्ने शब्दहरु थप्ने।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) र (४) थप्ने :-

"(३) अनुसूची-४ बमोजिमको मुद्दाका सन्दर्भमा उपदफा (२) बमोजिमको सूचना प्रकाशन गर्दा लाग्ने खर्च सम्बन्धित पक्षले ब्यहोर्नु पर्नेछ।

(४) अनुसूची-१, अनुसूची-२ र अनुसूची-३ बमोजिमको मुद्दामा भएको फैसलाको जानकारी सम्बन्धित सरकारी वकीलको कार्यालयलाई समेत दिनु पर्नेछ।"

१०८. विधेयकको दफा १३३ को,-

(१) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको ठाउँ ठाउँमा रहेको "अभियुक्त" भन्ने शब्द पछि "वा प्रतिवादी" भन्ने शब्दहरु थप्ने।

(२) उपदफा (२) मा रहेको "अभियुक्तको" भन्ने शब्दको सट्टा "अभियुक्त वा प्रतिवादीको" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (३) झिकी उपदफाक्रम मिलाउने।

(४) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) मा रहेको "हकवालाले" भन्ने शब्द पछि "त्यस्तो उजुरवालाको मृत्यु भएको तीस दिन भित्र" भन्ने शब्दहरु थप्ने।

(५) उपदफा (५)उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राखी सोही उपदफाको खण्ड (ख) मा रहेको "चाहेमा" भन्ने शब्दहरु पछि "जानकारी प्राप्त भएको मितिले पैतीस दिन भित्र" भन्ने शब्दहरु थप्ने।

१०९. विधेयकको दफा १३४ को,-

(१) उपदफा (१) मा रहेका "फैसला भएको" भन्ने शब्दहरु पछि "थाहा पाएको" भन्ने शब्दहरु थपी सोही उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने : -

"(३) यस संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतबाट सुनुवाई हुँदाका बखत मुद्दाको पक्ष वा निजको वारिस उपस्थित भएकोवा निजको कानून व्यवसायी उपस्थित भई बहस पैरवी गरेको रहेछ र सोही दिन फैसला भएको रहेछ भने मुद्दाको पक्षले त्यस्तो फैसला भएको थाहा पाएको मानिनेछ ।"

(३) उपदफा (४) मा रहेका "फैसलाको जानकारी स्वतः प्राप्त गरेको" भन्ने शब्दहरुको सट्टा "फैसला भएको स्वतः थाहा पाएको" भन्ने शब्दहरु राख्ने ।

११०. विधेयकको दफा १३४ पछि देहायको दफा १३५ थपी दफाक्रम मिलाउने :-

"१३५. फैसला गर्ने अदालत वा कैदमा रहेको कारागार मार्फत पुनरावेदन दर्ता गर्न सकिने : (१) दफा १३४ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफाको उपदफा (१) बमोजिम पुनरावेदन गर्न चाहने व्यक्तिले फैसला गर्ने अदालत मार्फत वा त्यस्तो फैसलाबाट कसूरदार ठहरिएको व्यक्ति कैदमा रहेको भए कैदमा रहेको कारागार मार्फत पनि पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दर्ता भएकोमा त्यस्तो अदालत वा कारागारले पुनरावेदकले निजलाई भएको सजाय भोगेको वा बुझाएको वा त्यस वापत धरौट वा जमानत दिएको भए त्यस्तो व्यहोरा खोली पुनरावेदन सुन्ने अदालतमा यथासम्भव चाँडो पुनरावेदन पठाई पुनरावेदकलाई त्यस कुराको जानकारी दिनु पर्नेछ ।

(३) फैसला गर्ने अदालतले उपदफा (२) बमोजिम पुनरावेदन पठाउँदा सम्बन्धित मिसिल समेत साथै राखी पठाउनु पर्नेछ ।"

१११. विधेयकको दफा १३५ दफाक्रम मिलाउँदा कायम हुने दफा १३६ को,-

(१) उपदफा (१) मा रहेका "अनुसूची-४४" भन्ने शब्दहरुको सट्टा "अनुसूची-४५" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(३) उपदफा (३) को,-

(क) खण्ड (क) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(ख) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्ने :-

"(ख) फैसलाबाट पुनरावेदकलाई कुनै सजाय भएको रहेछ भने निजले त्यस्तो सजाय भोगेको वा बुझाएको वा त्यस वापत कैदमा रहेको वा जमानत दिएको वा धरौट राखेको निस्सा ।"

११२. विधेयकको दफा १३६ दफाक्रम मिलाउँदा कायम हुने दफा १३७को,-

(१) उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्ने :-

"(ङ) कैदको सजाय पाएको र नेपाल भित्र स्थायी बसोबास नभएको व्यक्ति ।"

(२) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्ने :-

"(६) उपदफा (२) वा (४) बमोजिमको धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन दिने व्यक्तिको पुनरावेदन उपर त्यस्तो पुनरावेदन दर्ता भएको मितिले छ महिनाभित्र फैसला हुन नसकेमा सम्बन्धित पुनरावेदन सुन्ने अदालतले निजलाई त्यस्तो अवधि पछि कैदबाट छाडी तारिखमा राखी पुर्पक्ष गर्नु पर्नेछ ।"

(३) उपदफा (७) मा रहेको "बमोजिम" भन्ने शब्दको सट्टा "बमोजिमको अवधि भित्र" भन्ने शब्दहरु र "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(४) उपदफा (८) झिकी उपदफाक्रम मिलाउने ।

(५) उपदफा (९) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) को खण्ड (क) मा रहेको "निजले" भन्ने शब्द झिक्ने ।

(६) उपदफा (१०) मा रहेको "यस संहिताको"भन्ने शब्दहरु झिक्ने र सोही उपदफामा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

११३. विधेयकको दफा १३७ झिकी दफाक्रम मिलाउने ।

११४. विधेयकको दफा १३८ को उपदफा (१) मा रहेका "दफा १३७" भन्ने शब्दहरुको सट्टा "दफा १३५" भन्ने शब्दहरु र "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

११५. विधेयको दफा १३९ मा रहेका "दफा १३७" भन्ने शब्दहरुको सट्टा "दफा १३५" भन्ने शब्दहरु र "पुनरावेदनमा" भन्ने शब्दको सट्टा "पुनरावेदनको" भन्ने शब्द राख्ने ।

११६. विधेयकको दफा १४० को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) तल्लो अदालतबाट मिसिल प्राप्त भएको मितिले छ महिना भित्र पुनरावेदन सुन्ने अदालतले पुनरावेदनको सुनुवाई गरिसक्नु पर्नेछ ।"

(२) उपदफा (३) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(३) उपदफा (६) मा रहेका "अनुसूची-४५" भन्ने शब्दहरुको सट्टा "अनुसूची-४६" भन्ने शब्दहरु राख्ने ।

११७. विधेयकको दफा १४१ को ठाउँ ठाउँमा रहेको "एकतर्फी" भन्ने शब्द झिक्ने ।

११८. विधेयकको दफा १४२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१)पुनरावेदनको कारबाहीको सिलसिलामा तारिखमा बस्न नचाहेमा पुनरावेदक वा प्रत्यर्थीले सोही व्यहोराको निवेदन अदालतमा दिन सक्नेछ ।"

११९. विधेयकको दफा १४३ मा रहेका "यस संहिताको" भन्ने शब्दहरु झिक्ने ।

१२०. विधेयकको दफा १४४को,-

(१) उपदफा (१) को खण्ड (ङ) झिक्ने ।

(२) उपदफा (२) को ठाउँ ठाउँमा रहेको "उजुरवालाको" भन्ने शब्दको सट्टा "प्रतिवादीको" भन्ने शब्द राख्ने ।

१२१. विधेयकको दफा १४५ को,-

(१) दफा शिर्षकमा रहेको "जाहेरी" भन्ने शब्द झिक्ने ।

(२) उपदफा (१) मा रहेको "सो" भन्ने शब्दको सट्टा "बीस वर्ष" भन्ने शब्दहरु र "जाहेर" भन्ने शब्दको सट्टा "पेश" भन्ने शब्द राख्ने ।

(३) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "बीस वर्ष" भन्ने शब्दहरु राख्ने ।

१२२. विधेयकको दफा १४६ मा रहेको "जाहेर" भन्ने शब्दको सट्टा "पेश" भन्ने शब्द र "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

१२३. विधेयकको दफा १४७ मा रहेको "जाहेर" भन्ने शब्दको सट्टा "पेश" भन्ने शब्द राख्ने ।

१२४. विधेयकको दफा १४८ को,-

(१) दफा शीर्षकमा रहेको "जाहेर" भन्ने शब्दको सट्टा "पेश" भन्ने शब्द राख्ने ।

(२) उपदफा (१) मा रहेको "जाहेर" भन्ने शब्दको सट्टा "पेश" भन्ने शब्द र "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (२) को ठाउँ ठाउँमा रहेको "जाहेर" भन्ने शब्दको सट्टा "पेश" भन्ने शब्द राख्ने ।

१२५. विधेयकको दफा १५० मा रहेका "अनुसूची-४६" भन्ने शब्दहरुको सट्टा "अनुसूची-४७" भन्ने शब्दहरु र "अनुसूची-४७" भन्ने शब्दहरुको सट्टा "अनुसूची-४८" भन्ने शब्दहरु राख्ने ।

१२६. विधेयकको दफा १५१ को,-

(१) उपदफा (१) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) उपदफा (२) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने :-

"(३) उपदफा (१) वा (२) बमोजिम लगत खडा गरेपछि सम्बन्धित अदालतले फैसला कार्यान्वयन गर्नेछ र फैसला कार्यान्वयनको लागि कुनै कामकुनै निकायले गर्नु पर्ने रहेछ भने सम्बन्धित निकायलाई त्यस्तो काम गर्न आदेश गर्नेछ ।"

(४) उपदफा (४) मा रहेको "समेत" भन्ने शब्द झिकी सोही उपदफामा रहेका "अनुसूची-४७" भन्ने शब्दहरुको सट्टा "अनुसूची-४९" भन्ने शब्दहरु राख्ने ।

१२७. विधेयकको दफा १५२ को,-

(१) दफा शीर्षकको सट्टा "फैसला कार्यान्वयन गर्ने निकाय" भन्ने दफा शीर्षक राख्ने ।

(२) उपदफा (३) मा रहेको "तोकेको" भन्ने शब्द पछि "जिल्ला" भन्ने शब्द थप्ने ।

(३) उपदफा (४) मा रहेका "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरु झिक्ने ।

१२८. विधेयकको दफा १५३ को,-

(१) उपदफा (१) मा रहेका "दफा १५२ मा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरु झिकी सोही उपदफाको खण्ड (ख) को ठाउँ ठाउँमा रहेको "जाहेर" भन्ने शब्दको सट्टा "पेश" भन्ने शब्द राख्ने ।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थप्ने :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस संहितामा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसूरदारलाई कैदको सजाय हुने ठहरी फैसला भएकोमा त्यस्तो कसूरदारलाई तत्काल कैदमा पठाउनु पर्नेछ ।"

१२९. विधेयकको दफा १५५ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) कुनै कसूरमा पहिलो पटक कसूरदार ठहरी एक वर्ष वा एक वर्ष भन्दा कमकैदको सजाय भएको मुद्दामा कसूरदारको उमेर, कसूरको गम्भीरता, कसूर गरेको तरिका, आचरण समेतलाई विचार गर्दा कारागारमा राख्नु उपयुक्त नदेखिएमा तथा निजलाई छोड्दा सार्वजनिक शान्ति, कानून र व्यवस्थामा खतरा पुग्ने समेत नदेखिएमा त्यसको कारण खुलाई अदालतले निजलाई कैदमा राख्नुको सट्टा त्यस वापत रकम लिई कैदबाट छाडी दिन उपयुक्त ठहऱ्याएमा कैद वापतको रकम तिरी कैद बस्नु नपर्ने गरी आदेश दिन सक्नेछ ।"

(२) उपदफा (५) मा रहेका "सो भन्दा" भन्ने शब्दहरुको सट्टा "एक वर्ष भन्दा" भन्ने शब्दहरु र "सो रकम" भन्ने शब्दहरुको सट्टा "त्यस्तो रकम" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्ने :-

"(६) उपदफा (५) बमोजिम आदेश दिँदा अदालतले त्यस्तो व्यक्तिलाई सात दिन भित्र नेपाल बाहिर पठाउने आदेश दिनु पर्नेछ र अध्यागमन कार्यालयले अदालतको आदेश बमोजिम त्यस्तो व्यक्तिलाई नेपाल बाहिर पठाउनु पर्नेछ ।"

(४) उपदफा (७) झिकी उपदफाक्रम मिलाउने ।

१३०. विधेयकको दफा १५६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) दफा १५१ को उपदफा (४) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिको सम्पत्ति पहिले नै रोक्का नरहेको भएमा वा निज पक्राउ हुन नसकेमा सम्बन्धित प्रहरी कार्यालयले निजको अंशहकको सम्पत्ति रोक्का राख्नको लागि त्यस्तो सम्पत्तिको विवरण खुलाई अदालत समक्ष प्रतिवेदन पेश गर्न सक्नेछ ।"

(२) उपदफा (२) मा रहेको "त्यस्तो सम्पत्ति रहेको" भन्ने शब्दहरुको सट्टा "अन्य निकाय वा" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (४) को ठाउँ ठाउँमा रहेको "कार्यालय वा" भन्ने शब्दहरु पछि"निकाय वा" भन्ने शब्दहरु थप्ने ।

(४) उपदफा (५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राखी सोही उपदफामा रहेका "सजाय वापत" भन्ने शब्दहरु झिक्ने ।

१३१. विधेयकको दफा १५७ को,-

(१) उपदफा (१)को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) दफा १५१ को उपदफा (४) बमोजिम पक्राउ गर्ने आदेश भएको मितिले छ महिना सम्ममा पनि कसूरदार पक्राउ हुन नसकेमा फैसला बमोजिम बुझाउनु पर्ने जरिबाना वा क्षतिपूर्तिको रकम दफा १५६ बमोजिम रोक्का रहेको सम्पत्ति नगद भए सम्बन्धित निकाय वा संस्थाबाट प्राप्त गरी र अन्य चल वा अचल भए लिलाम बिक्री गरी जरिबाना वा सरकारी बिगो वापतको रकम संचित कोषमा दाखिला गर्नु पर्नेछ र त्यसरी दाखिला गरी बाँकी रहेमा क्षतिपूर्ति भराउनु पर्ने भए क्षतिपूर्ति भराई बाँकी रकम निजको हकवालालाई फिर्ता गर्नु पर्नेछ ।"

(२) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो सम्पत्ति" भन्ने शब्दहरु राख्ने ।

१३२. विधेयकको दफा १५९ को,-

(१) उपदफा (४)को सट्टा देहायको उपदफा (४)राख्ने :-

"(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कसूरका कसूरदारलाई भएको सजाय माफी गर्ने, मुल्तबी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने कारबाही गर्न सकिने छैन :-

(क) भ्रष्टाचार,

(ख) यातना,

(ग) जबरजस्ती करणी,

(घ) क्रुर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको,

(ङ) जाति हत्या,

(च) विष्फोटक पदार्थ,

(छ) अपहरण, शरीर बन्धक वा व्यक्ति बेपत्ता,

(ज) मानव वेचविखन तथा ओसारपसार,

(झ) सम्पत्तिशुद्धीकरण, र

(ञ) तीन वर्ष भन्दा बढी कैद सजाय हुने लागूऔषधको ओसारपसार वा कारोबार ।

(३) उपपदफा (५) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(४) उपदफा (६)मा रहेको "लिनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "लिन सक्नेछ" भन्ने शब्दहरु राख्ने ।

(५) उपदफा (७) र (८) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

१३३. विधेयकको दफा १६० को,-

(१) उपदफा (२) को,-

(क) खण्ड (ख) मा रहेको "वा सो" भन्ने शब्दहरु झिक्ने ।

(ख) खण्ड (ग) मा रहेका "पाँच वर्ष वा पाँच वर्षदेखि" भन्ने शब्दहरुको सट्टा "पाँच वर्ष भन्दा बढी" भन्ने शब्दहरु राख्ने ।

(ग) खण्ड (घ) मा रहेको "एक वर्ष वा एक वर्षदेखि" भन्ने शब्दहरुको सट्टा "एक वर्ष भन्दा बढी" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

१३४. विधेयकको दफा १६२ को,-

(१) उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राख्ने :-

"(१) दफा १५१ बमोजिम खडा भएको लगत अनुसार जरिबाना तिर्नु पर्ने व्यक्तिले जरिबानाको रकम तत्काल बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिले जरिबाना तत्काल बुझाउन नसकी त्यस वापत कुनै सम्पत्ति जमानत दिएमा अदालतले एक वर्ष भित्र त्यस्तो रकम चुक्ता हुने गरी बढीमा तीन किस्तामा जरिबाना बुझाउने आदेश दिन सक्नेछ ।"

(२) उपदफा (३) मा रहेको "सजाय" भन्ने शब्द झिक्ने ।

(३) उपदफा (४) मा रहेको "प्रमुखको" भन्ने शब्द भिक्ने ।

१३५. विधेयकको दफा १६३ को उपदफा (३) मा रहेको "रहेको" भन्ने शब्द पछि "निकाय वा" भन्ने शब्दहरु थप्ने ।

१३६. विधेयकको दफा १६४ को,-

(१) उपदफा (१) मा रहेको "वापतको रकम" भन्ने शब्दहरुझिक्ने ।

(२) उपदफा (३) को,-

(क) खण्ड (क) मा रहेका "पाँच हजार" भन्ने शब्दहरु पछि "रुपैयाँ" भन्ने शब्द थप्ने ।

(ख) खण्ड (ख) मा रहेका "दश हजार रुपैयाँदेखि" भन्ने शब्दहरुको सट्टा "दश हजार रुपैयाँ भन्दा बढी" भन्ने शब्दहरु राख्ने ।

(ग) खण्ड (ग) मा रहेका "पच्चीस हजार रुपैयाँदेखि" भन्ने शब्दहरुको सट्टा "पच्चीस हजार रुपैयाँ भन्दा बढी" भन्ने शब्दहरु राख्ने ।

(घ) खण्ड (घ) मा रहेका "पचास हजार रुपैयाँदेखि" भन्ने शब्दहरुको सट्टा "पचास हजार रुपैयाँ भन्दा बढी" भन्ने शब्दहरु राख्ने ।

१३७. विधेयकको दफा १६५ को,-

(१) उपदफा (३), (५) र (६) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) उपदफा (८) मा रहेका "सो बराबर" भन्ने शब्दहरुको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (९) मा रहेको "नेपाल सरकारको" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (१२) मा रहेका "लगाउनेको हुनेछ" भन्ने शब्दहरुको सट्टा "लगाएमा त्यस्तो सम्पत्ति जफत हुनेछ र यसरी जफत भएको सम्पत्तिको पच्चीस प्रतिशत रकम पत्ता लगाउनेलाई दिई बाँकी रहेको रकमबाट तिर्नु पर्ने बिगो, क्षतिपूर्ति वा अन्य रकम भुक्तानी गरी बाँकी रहेमा त्यसरी बाँकी रहेको रकम सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ" भन्ने शब्दहरु राख्ने ।

१३८. विधेयकको दफा १६६ को,-

(१) उपदफा (१) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) उपदफा (५) मा रहेका "निजले धरौट वा जमानत दिएको" भन्ने शब्दहरुको सट्टा "फैसला बमोजिम कसूरदारले बुझाउनु पर्ने जरिबाना, बिगो, क्षतिपूर्ति वा अन्य" भन्ने शब्दहरु र "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्ने :-

"(६) उपदफा (३) बमोजिमको सम्पत्तिबाट भराउन नपुग भएको बाँकी रकमको हकमा कसूरदारको अरु सम्पत्ति लिलाम बिक्री गरी भराई दिनु पर्नेछ र त्यसरी भराउँदा उपदफा (२) बमोजिमको प्राथमिकता दिई भराई दिनु पर्नेछ ।"

१३९. विधेयकको दफा १६७ को,

(१) दफा शीर्षकमा रहेको "रोक्का" भन्ने शब्दको सट्टा "रोक्का, कब्जा वा नियन्त्रण" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (१) को,-

(क) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्ने :-

"(ग) बाली वा बहाल आउने सम्पत्ति भए सम्बन्धित स्थानीय तहलाई त्यस्तो बाली वा बहाल असूल गरी धरौटी खातामा जम्मा गर्न आदेश दिने,"

(ख) खण्ड (घ) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने ।

(३) उपदफा (२) मा रहेका "सांवा व्याज" भन्ने शब्दहरुको सट्टा "साँवा, व्याज वा अन्य कुनै प्रतिफल" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (३) मा रहेका"लगाउन वा सो असूल उपर गरी लिनको लागि अदालतले कुनै ब्यक्ति नियुक्त गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "लगाउनेछ"भन्ने शब्द राख्ने ।

(५) उपदफा (४) झिकी उपदफाक्रम मिलाउने ।

(६) उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (४) मा रहेका"तीन महिना" भन्ने शब्दहरुको सट्टा "थाहा पाएको पैंतीस दिन" भन्ने शब्दहरु राख्ने ।

(७) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) को ठाउँ ठाउँमा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

१४०. विधेयकको दफा १६८ को,-

(१) उपदफा (१) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राखी सोही उपदफामा देहायको प्रतिबन्धात्मक वाक्यांश थप्ने :-

"तर सरकारी बिगो वा क्षतिपूर्तिको हकमा सरकारी पक्ष तारिखमा बस्नु पर्ने छैन ।"

(२) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राखी सोही उपदफामा रहेको प्रतिबन्धात्मक वाक्यांश झिक्ने ।

(३) उपदफा (२) पछि देहायकाउपदफा (३), (४), (५) र (६) थप्ने :-

"(३) उपदफा (१) बमोजिम तोकिएको तारिखमा आफु उपस्थित हुन नसकेको कुनै मनासिब कारण देखाई बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भराई पाउने व्यक्तिले एक पटकको लागि पन्ध्र दिनभित्र अदालतमा निवेदन दिएमा त्यस्तो व्यक्तिलाई फैसला बमोजिम भराई दिनु पर्ने बिगो, क्षतिपूर्ति वा अन्य रकम भराई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम तोकिएको तारिखमा उपस्थित नभएको बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भराई पाउने व्यक्तिले उपदफा (२) बमोजिमको अवधि भित्र निवेदन नदिएमा त्यस्तोबिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भराई दिने सम्बन्धी कार्य एक वर्षसम्मको लागि तामेलीमा राखिनेछ ।

(५) उपदफा (४) बमोजिमको अवधि भित्र सम्बन्धित व्यक्ति उपस्थित भएमा फैसला बमोजिम भराई दिनु पर्ने बिगो, क्षतिपूर्ति वा अन्य रकम भराई दिनु पर्नेछ ।

(६)उपदफा (४) बमोजिमको अवधिभित्र सम्बन्धित व्यक्ति उपस्थित नभएमा त्यस पछि त्यस्तो बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम भराई दिने सम्बन्धमा कुनै कारबाही गरिने छैन ।"

१४१. विधेयकको दफा १६९ को सट्टा देहायको दफा १६९ राख्ने : -

"१६९. जिल्ला अदालतबाट मुद्दा हेरिने : अपराध संहितामा उल्लिखित मुद्दा मध्ये नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मुद्दा हेर्ने अधिकारी तोकिदिएकोमा सोही अधिकारीले र अन्य मुद्दा जिल्ला अदालतले हेर्नेछ ।"

१४२. विधेयकको दफा १७० को उपदफा (२), (३) र (४) मा रहेको "कारबाही" भन्ने शब्दको सट्टा "कारबाही, सुनुवाई" भन्ने शब्दहरु राख्ने ।

१४३. विधेयकको दफा १७१ मा रहेका "अनुसूची-४९" भन्ने शब्दहरुको सट्टा "अनुसूची-५०" भन्ने शब्दहरु राख्ने ।

१४४. विधेयकको दफा १७२ को स्पष्टीकरणमा रहेको "जाहेर" भन्ने शब्दको सट्टा "पेश" भन्ने शब्द राख्ने ।

१४५. विधेयकको दफा १७३ को,-

(१) उपदफा (१) मा रहेको "भाषमा" भन्ने शब्दको सट्टा "भाषामा" भन्ने शब्द र "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) उपदफा (२) मा रहेको "भाषमा" भन्ने शब्दको सट्टा "भाषामा" भन्ने शब्द र "सो को" भन्ने शब्दहरुको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थप्ने :-

"(३) उपदफा (२) बमोजिमको अनुवादका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा अदालतले त्यस्तो विषयको विशेषज्ञलाई झिकाई बुझ्न सक्नेछ ।"

१४६. विधेयकको दफा १७४ कोउपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने :-

"(१) नेपाली भाषा नबुझ्ने वा बोल्न नसक्ने कुनै अभियुक्त वा साक्षीको बयान वा बकपत्र लिनु परेमा वा अन्य कुनै प्रयोजनको लागि आवश्यक भएमा अनुसन्धान अधिकारी, अभियोजनकर्ता वा अदालतले सम्बन्धित भाषा वा साङ्केतिक भाषाको अनुवादकको सहयोग लिन सक्नेछ ।"

१४७. विधेयकको दफा १७६ को,-

(१) उपदफा (१) को खण्ड (क) को स्पष्टीकरण खण्डमा रहेको "साला," भन्ने शब्द पछि "जेठी सासू," भन्ने शब्दहरु थपी सोही खण्डमा रहेका "एकाघरसँग बसेको कुनै व्यक्ति" भन्ने शब्दहरुको सट्टा "परिवारको सदस्य" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (५) मा रहेको "यस संहिताको" भन्ने शब्दहरु झिकी सोही उपदफामा रहेको "पुनरावेदन" भन्ने शब्द पछि "सुन्ने" भन्ने शब्द थप्ने ।

१४८. विधेयकको दफा १७७ को,-

(१) दफा शीर्षकमा रहेको "नै" भन्ने शब्द झिक्ने ।

(२) उपदफा (२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

१४९. विधेयकको दफा १७८ को,-

(१) उपदफा (१) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

(२) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(३) उपदफा (३) मा रहेका "सो कुराको" भन्ने शब्दहरुको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

१५०. विधेयकको दफा १७९ मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

१५१. विधेयकको दफा१८० को उपदफा (५) मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

१५२. विधेयकको दफा १८३ को,-

(१)उपदफा (१) मा रहेको "प्रतिकुल असर" भन्ने शब्दहरु पछि "पर्न" भन्ने शब्द थप्ने ।

(२) उपदफा (३) झिकी उपदफाक्रम मिलाउने ।

१५३. विधेयकको दफा १८५ झिकी दफाक्रम मिलाउने ।

१५४. विधेयकको साविकको दफा १८६ दफाक्रम मिलाउँदा कायम हुने दफा १८५ को उपदफा (१) को ठाउँ ठाउँमा रहेका "बमोजिम सो भन्दा" भन्ने शब्दहरुको सट्टा "बमोजिमको" भन्ने शब्द राख्ने ।

१५५. विधेयकको साविकको दफा १८७दफाक्रम मिलाउँदा कायम हुने दफा १८६ को उपदफा (१) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

१५६. विधेयकको साविकको दफा १८८ दफाक्रम मिलाउँदा कायम हुने दफा १८७को,-

(१) उपदफा (२) को ठाउँ ठाउँमा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो" भन्ने शब्द राख्ने ।

(२) उपदफा(६) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस्तो भन्ने शब्द र "राय" भन्ने शब्दको सट्टा"ब्यहोरा" भन्ने शब्द राख्ने ।

१५७. विधेयकको साविकको दफा १८९ दफाक्रम मिलाउँदा कायम हुने दफा १८८ को दफा शीर्षकमा रहेका "असल नियतले गरेको कामको बचाउ" भन्ने शब्दहरुको सट्टा"कारबाही नगरिने" भन्ने शब्दहरु राख्ने ।

१५८. विधेयकको साविकको दफा १९० दफाक्रम मिलाउँदा कायम हुने १८९ को,-

(१) उपदफा (१) मा रहेका "दफा ९७" भन्ने शब्दहरुको सट्टा "दफा ९९" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने ।

१५९. विधेयकको साविकको दफा १९२ दफाक्रम मिलाउँदा कायम हुने दफा १९१ मा रहेका "पक्राउ पूर्जि" भन्ने शब्दहरु पछि "जारी" भन्ने शब्द थप्ने ।

१६०. विधेयकको साविकको दफा १९२ दफाक्रम मिलाउँदा कायम हुने दफा १९१ पछि देहायको दफा १९२ थप्ने :-

"१९२. विद्युतीय माध्यमबाट लिखत आदान प्रदान गर्न सकिने : यस ऐन बमोजिमका लिखत विद्युतीय कारोबार सम्बन्धी प्रचलित कानून बमोजिम विद्युतीय माध्यमबाट आदान प्रदान गर्न सकिनेछ ।"

१६१. विधेयकको साविकको दफा १९३ मा रहेका "कुनै किसिमका सानातिना त्रृटी वा छुट भएकोमा वा" भन्ने शब्दहरु झिक्ने र सोही दफामा रहेको "सो" भन्ने शब्दको सट्टा "त्यस" भन्ने शब्द राख्ने ।

१६२. विधेयकको साविकको दफा १९४ को उपदफा (१) मा रहेका "कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला" भन्ने शब्दहरुको सट्टा "कानून, न्याय तथा संसदीय मामिला" भन्ने शब्दहरु राख्ने ।

१६३. विधेयकको साविकको दफा १९६ को उपदफा (२) मा रहेको "नियमहरु" भन्ने शब्दको सट्टा "नियम" भन्ने शब्द राख्ने ।

१६४. विधेयकको अनुसूची-५ को,-

(१) शुरुमा रहेको "चढाएको" भन्ने शब्दको सट्टा "पेश गरेको" भन्ने शब्द राख्ने ।

(२) क्रमसंख्या १. मा रहेको "(टोल सहित)" भन्ने शब्दहरु पछि ", फोन नम्बर" भन्ने शब्दहरु थप्ने ।

(३) अन्त्यमा रहेको "सही :" भन्ने शब्द पछि "मिति :" भन्ने शब्द थप्ने ।

१६५. विधेयकको अनुसूची-११ मा रहेको "छोरा" भन्ने शब्दको सट्टा "छोरा/छोरी" भन्ने शब्दहरु राख्ने ।

१६६. विधेयकको अनुसूची-१३, अनुसूची-१५ र अनुसूची-१६ को सट्टा यसैसाथ संलग्न अनुसूची-१३, अनुसूची-१५ र अनुसूची-१६ राख्ने ।

१६७. विधेयकको अनुसूची-१७ को ठाउँ ठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राख्ने ।

१६८. विधेयकको अनुसूची-२४ मा रहेको "सोको" भन्ने शब्दको सट्टा "त्यसको" भन्ने शब्द राख्ने ।

१६९. विधेयकको अनुसूची-३३ पछि यसैसाथ संलग्न अनुसूची-३४ थपी अनुसूचीको क्रम मिलाउने ।

१७०. विधेयकको साविकको अनुसूची-३५ अनुसूचीको क्रम मिलाउँदा कायम हुने अनुसूची-३६ को ठाउँ ठाउँमा रहेका "...... (पुरा ठेगाना)" भन्ने शब्दहरु मुनि "........... (नागरिकता नं.)" भन्ने शब्दहरु थप्ने ।

१७१. विधेयकको साविकको अनुसुची-३६ अनुसूचीको क्रम मिलाउँदा कायम हुने अनुसूची-३७मा रहेका "इश्वरको नाममा शपथ लिन्छु कि म ..............." भन्ने शब्दहरुको सट्टा "म इश्वरको नाममा शपथ लिन्छु/" भन्ने शब्दहरु राख्ने ।

१७२. विधेयकको साविकको अनुसूची-३९ अनुसूचीको क्रम मिलाउँदा कायम हुने अनुसूची-४० मा रहेका "दफा १०९ को उपदफा (५) सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "दफा १०९ को उपदफा (६) सँग सम्बन्धित" भन्ने शब्दहरु राख्ने ।

१७३. विधेयकको साविकको अनुसूची-४० अनुसूचीको क्रम मिलाउँदा कायम हुने अनुसूची-४१ मा रहेका "दफा ११५ को उपदफा (३) सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "दफा ११५ को उपदफा (२) सँग सम्बन्धित" भन्ने शब्दहरु राख्ने ।

१७४. विधेयकको साविकको अनुसूची-४४ अनुसूचीको क्रम मिलाउँदा कायम हुने अनुसूची-४५ मा रहेका "दफा १३५ को उपदफा (१) सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "दफा १३६ को उपदफा (१) सँग सम्बन्धित" भन्ने शब्दहरु राख्ने ।

१७५. विधेयकको साविकको अनुसूची-४८ अनुसूचीको क्रम मिलाउँदा कायम हुने अनुसूची-४९ मा रहेका "दफा १५३ को उपदफा (४) सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "दफा १५१ को उपदफा (४) सँग सम्बन्धित" भन्ने शब्दहरु राख्ने ।

१७६. विधेयकको ठाउँ ठाउँमा रहेको “क्षेत्राधिकार” भन्ने शब्दको सट्टा “अधिकार क्षेत्र” भन्ने शब्दहरु राखी रुपान्तर गर्ने ।

**“अनुसूची-१३**

**(दफा १८ को उपदफा (३) सँग सम्बन्धित)**

**बरामदी/खानतलासी मुचुल्काको ढाँचा**

श्री ..................... प्रहरी कार्यालय ................... बाट ..................... गाउँपालिका/नगरपालिका वडा नं. ............. (स्थान) मा खडा गरिएको .............. अपराधसँग सम्बन्धित चीज वस्तु/ठाउँ/मानिसको शरीरको बरामदी/खानतलासी मुचुल्का ।

१. जाहेरी दरखास्त वा अपराधको सूचनाको छोटकरी विवरण :

२. खानतलासी गर्ने अधिकारी वा कर्मचारीको अग्रीम तलासी लिनुपर्ने भए सो लिएको विवरण :

३. बरामदी/खानतलासी गरिएको चीज वस्तु/ठाउँ/मानिस रहेको चार किल्ला सहितको विवरण :

४. बरामद भएको अपराधसँग सम्बन्धित सामान वा दसीको विवरण :

५. देखे बमोजिम दस्तखत गर्ने साक्षीहरुको नाम, थर, वतन, उमेर दस्तखत :

(क)

(ख)

(ग)

६. रोहवरमा बस्नेहरुको नाम, थर, वतन, उमेर र दस्तखत :

(क) अनुसन्धान अधिकृतले मेरो घर, चीज वस्तु, शरीर खानतलासी लिँदा आफ्नो तलासी दिई इज्जतसाथ मेरो तलासी लिएको र घरको वा मेरो कुनै सामान हिनामिना भएको छैन भनी दस्तखत गर्ने ....................... जिल्ला ...................... गाउँपालिका/नगरपालिका वडा नं. ......................... स्थान बस्ने ............................

(ख) जाहेरवालाको नाम, थर, वतन ............................... उमेर ......... दस्तखतः ..................

(ग) अभियुक्तको नाम, थर, वतन ......................................उमेर ....... दस्तखतः ................

बरामदी, खानतलासी समेतको काम तामेल गर्न खटिएका अनुसन्धान अधिकृत :

अन्य कर्मचारीहरु :

७. मिति :

८. समय”

“अनुसूची-१५

(दफा २० को उपदफा (५) सँग सम्बन्धित)

**शव परीक्षण प्रतिवेदनको ढाँचा**

**AUTOPSY REPORT**

1. Case registration number:

2. Police Office sending for autopsy (letter date and reference number):

3. Name of the deceased: 4. Address:

5. Gender: 6. Age, Date of Birth:

7. Dead body identified by:

8. Name of the accompanying Police Personnel:

9. Date and time of death:

10. Date and hour of receipt of inquest papers and dead body:

11. Date and hour of starting autopsy:

12. Date and hour of concluding autopsy:

13. Name of the Experts conducting autopsy:

(1)……………….…. (2) ……….…... (3) ……….. (4) ……….

14. Name of the Hospital:

**RELEVANT DETAILS (Mention brief history of the case regarding circumstances of death and other sources of information):**

**EXTERNAL EXAMINATION (General observation of the dead body):**

(1) Height: (2) Weight: (3) Physique: (4) Hairs:

(5) Clothes and conditions:

(6) Special identifying features (Huliya):

(7) Post-mortem changes present:

(a) Rigor mortis:

(b) Livor mortis:

(c) Algor mortis/Cooling:

(d) Different signs of decomposition:

(8) Natural orifices:

| | | |
|---|---|---|
| Eyes: | Mouth: | Vagina/penis: |
| Nose: | Ears: | Anus: |
| Urethra: | | |

(9) Injuries: Name, size and site (Ante mortem /post-mortem /old /fresh)

## INTERNAL EXAMINATION

**Head and Neck:**

1) Scalp, skull:

2) Brain and vessels:

3) Orbital, nasal and aural cavities:
4) Mouth, tongue:
5) Neck (larynx, thyroid and other neck structures) :

6) Other relevant details:

**Chest (Thorax)**

1) Ribs and chest wall:
2) Diaphragm:
3) Oesophagus:
4) Trachea and bronchi:
5) Pleural cavities:
6) Lungs:
7) Heart and pericardial sac (any content in pericardial sac, condition of three coronary arteries, valves and chambers and myocardium must be observed):-

**Abdomen**

1) Peritoneal and Pelvic cavity :

2) Stomach and content :

3) Small intestine:
4) Large intestine:
5) Liver, gall bladder, pancrease :
6) Spleen:
7) Kidney, renal pelvis :
8) Genital organs:
9) Urinary bladder and urethra:

**Spinal Column:**

**Specimen Collected For Analysis (Mention preservative also)**

**<u>Toxicology</u>**

1) Stomach with contents:
2) Part of liver:
3) Kidney:
4) Blood:
5) Others; if any:

**<u>Histopathology :</u>**

**<u>Others</u>**(Specify):

**<u>Special Examination</u> (Procedures like neck dissection, pelvic dissection, flotation test of lungs etc. must be done in relevant cases and findings should be documented):**

**Items Handed Over (when and who received?)**

1) Autopsy report:-
2) Viscera and other Samples :-
3) Clothes and other articles:-

**Opinion or Conclusion**

1. **Opinion on cause of death:**

   **……………………………………………………………**

   मृत्युको कारण (नेपालीमा समेत) :
2. **Opinion on time since death:**
3. **Opinion on probable type of objects or weapon causing injuries:**
4. **Opinion on live birth or still birth:**

**5. Other Opinion; if any:**

**Signature of Medical Officer / Expert**

| **1. ………….** | **2. …….** | **3. …….** |
|---|---|---|
| Signature: | Signature: | Signature: |
| Date: | Date: | Date: |
| Name: | Name: | Name: |
| Special Qualification, Training and Experience: | Special Qualification, Training and Experience: | Special Qualification, Training and Experience: |
| N.M.C. Reg. No.: | N.M.C. Reg. No.: | N.M.C. Reg. No.: |

**Seal of the Hospital :**

**Date :**

<u>द्रष्टव्य :</u>

- शव परीक्षण कार्यसम्भव भएसम्म Forensic विषयको विशेषज्ञले र त्यस्तो विशेषज्ञ नभएमा तालिम प्राप्त चिकित्सकले गर्नु पर्नेछ ।
- शव परीक्षण गर्ने विशेषज्ञ वा चिकित्सकले नै प्रतिवेदन तयार गर्नु पर्नेछ ।
- सम्भव भएसम्म कम्प्युटर टाइप गरी प्रतिवेदन तयार गर्नु पर्नेछ, सो नभएमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । साथै परीक्षण प्रतिवेदनको सक्कल प्रति नै संलग्न गर्नु पर्नेछ ।
- निर्धारित स्थानमा विवरण उल्लेख गर्न नपुग भएमा छुट्टै पानामा समेत विवरण उल्लेख गर्नु पर्नेछ ।"

"अनुसूची-१६

(दफा २२ को उपदफा (१) सँग सम्बन्धित)

**घा जाँच केश फारामको ढाँचा**

INJURY EXAMINATION REPORT

**(IT IS USED IN CASE OF EXAMINATION OF DETAINEE ALSO)**

1. Case Registration No.:
2. Name of the Office referred for injury examination (with letter ref. No. and Date) :
3. Name, Age, Date of birth and Sex of the injured person:
4. Address:
5. Name of the accompanying Police Personnel:
6. Name of the Hospital/Health centre:
7. Date, time and place of examination:
8. Identification mark of the examinee :
9. Consent for examination taken from :

   Injured person Family member or others

10. Brief history about the incident (how and when the injuries were produced?):

11. Medical history of the examinee :

12. General Physique and vitals :

    Height: Weight: Pulse: B.P:

    Temperature: Respiratory Rate:

    Degree of Consciousness:

13. Injuries (Name, Size, Site, Color, Surrounding area, Signs of treatment, Bleeding Marks, Sign of Healings, any Imprints and content etc.) :

    A. Type of injury
       a. Simple:
       b. . Angabhanga (Grievous) :
       c. Severe:
       d. Other remarks:

    B. Type of weapon/object used:

    i) Blunt force ii) Sharpe force iii) Pointed objects

iv) Projectile v) Heat vi) Chemical
vii) Others (Specify)

C. Condition of the patient at the time of examination :

D. Severity (Explain the severity in terms of existing condition and possible complication) :

E. Investigation and reports (for example X-ray, USG, Blood, Urine etc) :

F. Treatment provided (briefly) :

G. Referral (Where and Why?):

H. Follow up (if necessary ) :

I. Re- Examination (Whether case needs information about grade of disability ) :

**Opinion:** (Condition of examinee, severity of the injury, age of the injury and possible causative objects should be considered to frame opinion)

Name of the Examiner: Signature:
Qualification:- MC/NHPC Reg. No. :
Office/Hospital/Health Centre: Date:
Seal of the Hospital/Health Centre:

**द्रष्टव्य :**

- घा जाँच कार्यसंभव भएसम्म Forensic विषयको विशेषज्ञले र त्यस्तो विशेषज्ञ नभएमा तालिम प्राप्त चिकित्साकर्मीले गर्नु पर्नेछ ।
- घा जाँच गर्ने विशेषज्ञ वा चिकित्साकर्मीलेनै प्रतिवेदन तयार गर्नु पर्नेछ ।
- सम्भव भएसम्म कम्प्युटर टाइप गरी प्रतिवेदन तयार गर्नु पर्नेछ, सो नभएमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । साथै परीक्षण प्रतिवेदनको सक्कल प्रति नै संलग्न गर्नु पर्नेछ ।
- निर्धारित स्थानमा विवरण उल्लेख गर्न नपुग भएमा छुट्टै पानामा समेत विवरण उल्लेख गर्नु पर्नेछ ।”

"अनुसूची-३४

(दफा ८२ को उपदफा (२) सँग सम्बन्धित)

**तारिख भरपाईको ढाँचा**

.....................अदालत/कार्यालयमा खडा गरिएको तारिख
भरपाई

वादी                                                                                     प्रतिवादी

मुद्दा

मिति.................मा

मिति...................मा मुद्दा पेशी सूचीमा चढाइने भएकोले/ .......... काम गर्ने भएकोले मिति .............का दिन ......बजे यस अदालत/कार्यालयमा उपस्थित हुनेछु भनी सही गर्ने ...........

वादी .............                                                                        प्रतिवादी .........."